मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष १ · अंक २७१ · २०८० साल साउन २६ गते शुक्रबार · Friday 11, August 2023 · सूर्योदय: बिहान ५:३४ बजे · सूर्यास्त: साँझ ६:४६ बजे · पृष्ठ ८ · मूल्य रु. ५/-




## सुरक्षा निकायको निगरानीमा सांसद, शर्मा पक्राउ

### ● नक्कली शैक्षिक प्रमाणपत्र प्रकरणः थप चार चिकित्सक पक्राउ

नक्कली शैक्षिक प्रमाणपत्र प्रकरणमा थप चार जना चिकित्सक पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले सांसद सुनिलकुमार शर्मासहित पाँचजना पक्राउ परेको जानकारी दिनुभयो । उहाँका अनुसार पक्राउ पर्नेमा डा रामबाबु यादव, डा रञ्जित यादव, डा एलिना साह र डा अमित चौधरी रहेका छन् । उनीहरू विभिन्न अस्पताल तथा मेडिकल कलेजमा कार्यरत रहेका जनाइएको छ । अहिले पनि सिआइबीको अपरेशन जारी रहेको जनाइएको छ । यसअघि आज दिउँसो सिआइबीको टोलीले काठमाडौँको गल्फुटारबाट सांसद सुनिलकुमार शर्मालाई पक्राउ गरेको थियो । शर्मा पक्राउ परेको विषयमा सिआइबीले संसद् सचिवालयलाई दिउँसै जानकारी गराइसकेको छ ।

*कतिपय चिकित्सकहरूले भारतीय नक्कली प्रमाणपत्र पेस गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको तथा काउन्सिलद्वारा सञ्चालन गर्ने दर्ता प्रमाणपत्र परीक्षामा सहभागी भएको पाइएकाले आवश्यक अनुसन्धान गरी पाउँ भनेर काउन्सिलबाट आएको सूचनाका आधारमा प्रहरीले आज अपरेशन चलाएको थियो । उनीहरू सबैमाथि शैक्षिक प्रमाणपत्र कीर्तेमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।*



सुनिल शर्मा
संघीय सांसद



**मधेशदृष्टि**
**जनकपुर ।**

सरकारले दण्डहिनता अन्त्य गर्ने भन्दै अपराध अनुसन्धानको दायरा फराकिलो बनाएपछि संघीय संसदका प्रतिनिधिहरु सुरक्षा निकायको निगरानीमा परेका छन् ।

अपराध अनुसन्धानको प्रमुख भूमिका निर्वाह गर्ने निकाय हो गृह मन्त्रालय । गृहमन्त्री रवी लामिछाने पदमा बहाल रहेकै अवस्थामा नागरिकता मुद्दामा बर्खास्त भएपछि सुरु भएको उच्च पदस्थ अधिकारी उपरको निगरानी र कारबाही प्रक्रिया निरन्तर अगाडी बढिरहेको छ । यसै क्रममा पूर्व गृहमन्त्री बालकृष्ण खाण, पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी र उपराष्ट्रपति कार्यालयका बहालवाला सचिव टेकनारायण पाण्डे लगायत नेता तथा कर्मचारी नक्कली भुटानी शरनार्थी प्रकरणमा मुद्दा पुर्पक्षका लागि थुनामै छन् ।

प्रतिनिधिसभा सदस्य सुनिल शर्मा आजै (बिहीबार) बिहीबार पक्राउ परेका छन् । नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी अभियोगमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले नेपाली कांग्रेसका सांसद शर्मालाई पक्राउ गरेको हो । सिआइबीले लगाएको आरोप प्रमाणित भए शर्माको सांसद पद जानेछ भने ७ वर्षसम्म कैद सजाय पनि तोकिन सकिने अनुसन्धान अधिकृतले जनाएका छन् ।

उनलाई मण्डिखाटार निवासबाट बिहीवार दिउँसो प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले पक्राउ गरेको हो ।

शर्मालाई नक्कली शैक्षिक प्रमाणपत्रको कसुरमा पक्राउ गरिएको बताइएको छ । उनले प्रवीणता प्रमाणपत्र तह पास गरेको नक्कली प्रमाणपत्र पेस गरेर त्योभन्दा माथिल्लो तहको अध्ययन गरेको प्रहरीको आरोप छ ।

शर्माले कांग्रेसका केही नेतालाई फोन गरेर आफू पक्राउ परेको जानकारी दिएका थिए । शर्माले सञ्चालन गरेका मेडिकल कलेजका बेथितिबारे धेरै उजुरी परेका छन् । शर्माले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एकसय किलो सुन तस्करी प्रकरणको छानबिन गर्न उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री डा. प्रकाशशरण महतको राजीनामा माग गरेका थिए । उनी मोरङ क्षेत्र नम्बर ३ बाट नेपाली कांग्रेसबाट निर्वाचित सांसद हुन् ।

यसैबीच, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले प्रतिनिधिसभा सदस्य सांसद शर्मा पक्राउबारे संसद सचिवालयलाई जानकारी गराएको छ । 'नेपालको संविधान (२०७२) को धारा १०३ को उपधारा ६ बमोजिम प्रतिनिधिसभाका सदस्य सुनिलकुमार शर्मा पक्राउ परेको यसै पत्रद्वारा सम्माननीय सभामुख समक्ष सूचना एवम् जानकारी गराइएको व्यहोरा सादर अनुरोध गरिएको छ,' सिआइबीकी प्रमुख प्रहरी अतिरीक्त महानिरीक्षक किरण बज्राचार्यद्वारा हस्ताक्षरित सभामुखलाई सम्बोधन गरिएको पत्रमा उल्लेख छ ।

पत्रमा शैक्षिक योग्यता प्रमाणपत्र कीर्ते गरेको कसूरमा प्रचलित कानुनबमोजिम अनुसन्धान गर्नुपर्ने भएकाले कसुरमा संलग्न जिल्ला मोरङ, क्षेत्र नं ३ का नेपाली कांग्रेसका तर्फबाट प्रत्यक्षतर्फको निर्वाचित सांसद सुनिलकुमार शर्मा पक्राउ परेका उल्लेख छ ।

सिआइबीका अनुसार कतिपय चिकित्सकले भारतीय नक्कली प्रमाणपत्र पेश गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको तथा काउन्सिलद्वारा सञ्चालन गर्ने दर्ता प्रमाणपत्र परीक्षामा सहभागी भएको पाइएकाले कानुनबमोजिम गरी पाउँ भन्नेसमेत व्यहोराको नेपाल मेडिकल काउन्सिल,

## सिडिओले जारी गरेको सूचना स्थगन



### सिडिओ भन्छन्, 'गलत अर्थ लगाइयो'

**भूपेन्द्र थापा**
प्रमुख जिल्ला अधिकारी
सप्तरी

प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले आफुले जारी गरेको सूचनाको गलत अर्थ लगाएर पत्रकार महासंघ आन्दोलनमा उत्रको गुनासो गरेका छन् । पत्रकारिताको नाउँमा पत्रकारिता क्षेत्रलाई नै बदनाम गर्ने प्रवृतिलाई नियन्त्रण गर्न खोज्दा महासंघको नेतृत्वले यथार्थ बुझ्न नसकेको उनको भनाई छ ।

'केही समययता जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आएका सेवाग्राहीहरुले नै फोटो र भिडियो खिचेर गलत सन्देश जानेगरी सम्प्रेषण गरेको देखियो' प्रमुख जिल्ला अधिकारी थापाले मधेशदृष्टिसँग भने, 'पेशागत र निष्पक्ष पत्रकारिता गर्ने व्यवसायिक पत्रकारहरुहरुको मनोबल गिराउने काम हामीले गर्नै सक्दैनौं । तर, व्यवसायिक पत्रकारिता क्षेत्रलाई बदनाम गराउने तत्वलाई निरुत्साहित गर्नुपर्छ भनेर हो हामीले सूचना जारी गरेको ।'

कर्तव्यनिष्ठ कर्मचारीको मनोबल गिराउने काम एक असल पत्रकारले गर्न सक्दैन भन्दै थापाले थपे, 'मैले जारी गरेको सूचनाको भाव पढ्नुस्, पत्रकार आचार संहिता विपरित छैन ।' यद्यपि, पत्रकारहरुको भवनाको कदर गर्दै तत्काल स्थगन गरेको उनले बताए । पेशागत पत्रकारिता क्षेत्रलाई बदनाम गरेर व्यक्तिगत स्वार्थ पुरा गर्ने र कर्मचारीलाई प्रभावमा पार्ने खोज्ने तत्वलाई निरुत्साहित गर्न पत्रकार महासंघ र प्रेस काउन्सिलसँग उनले माग गरे । 'प्रेस स्वतन्त्रताका लागि म पूर्ण रुपले प्रतिबद्ध छु । तर, पत्रकारिताको निहुँमा यस क्षेत्रलाई बदनाम गर्ने विषयमा नियमनकारी निकाय सक्रिय नदेखिएकै हो ।'



**मधेशदृष्टि**
**जनकपुर ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले दुई दिन अगाडी जारी गरेको सूचना स्थगन गरेपछि आन्दोलित नेपाल पत्रकार महासंघले संघर्षका कार्यक्रमहरु फिर्ता लिएको छ ।

गत मंगलबार जिल्ला प्रशासन कार्यालयले एक सूचना जारी गर्दै कार्यालय परिसरमा बिना अनुमति फोटो र भिडियो बनाउन निषेध गरेको थियो । 'जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउने सेवाग्राही, पत्रकार, सर्वसधारणले बिना अनुमति कार्यालय परिसरको फोटो भिडियो खिचि सामाजिक सञ्जाल, अनलाइन पत्रपत्रिकामा राखेको पाइएकोले कर्मचारीको व्यक्तिगत गोपनियताको हक र कार्यालयको सुरक्षा संवेदनशिलताको कारण आदेशानुसार यो सूचना जारी गरिएको छ । यस सूचना विपरित गरे प्रचलित कानुन बमोजिम कारबाही हुनेछ' जिल्ला प्रशासन कार्यालयले गत मंगलबार जारी गरेको सूचनामा उल्लेख छ ।

जिल्ला प्रशासन कार्यालयले जारी गरेको उक्त सूचना विरुद्ध नेपाल पत्रकार महासंघको सप्तरी शाखाले चरणबद्ध आन्दोलन घोषणा गरेको थियो । आन्दोलनकै क्रममा बिहीबार जिल्ला प्रशासन कार्यालय परिसरमा धर्ना बसिरहेकै बेला प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले मंगलबार जारी गरेको सूचना स्थगन गरेको अर्को सूचना जारी गरे । सञ्चारकर्मीलाई समाचारले मागे अनुसार स्वतन्त्र रुपले फोटो भिडियो खिच्न लगाएको रोक फिर्ता लिइसकेपछि आफुहरुले पनि आन्दोलन स्थगित गरेको पत्रकार महासंघका सप्तरी अध्यक्ष श्रवण देवले मधेशदृष्टिलाई जानकारी दिए ।

महासंघ अध्यक्ष देवले प्रेस स्वतन्त्रता हनन गर्ने मनसायका साथ प्रमुख जिल्ला अधिकारीबाट जारी भएको सूचना विरुद्ध जिल्लाका सञ्चारकर्मी आक्रोसित भएको बताए । 'प्रमुख जिल्ला अधिकारीले माफी माग्नुपर्ने अडान महासंघको थियो । उहाँले सूचना स्थगन गरिसकेपछि वार्ताको आधार बनेकोले अब दुई पक्ष बसेर टुंग्याउने प्रयास गर्छौं' देवले भने ।

सञ्चार क्षेत्रलाई अङ्कुश लगाउनु हुँदैनः मन्त्री

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिमले सप्तरीका पत्रकारहरुको जायज माग सम्बोधन गरी समस्याको निकास खोज्न सङ्घीय गृह मन्त्रालय र प्रदेशका सुरक्षा प्रमुखहरुलाई आग्रह गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले साउन २३ गते जारी गरेको सूचना अनुसार पत्रकार समेतलाई उल्लेख गरी बिना अनुमति कार्यालय परिसरभित्रको फोटो तथा भिडियो खिंच्न रोक

बाँकी पृष्ठ २ मा

## पूर्वपत्रकार मारिँदा सङ्कटकाल

**एएफपी**
**इक्वेडर ।**

राष्ट्रपति पदका उम्मेदवार पूर्वपत्रकार फर्नान्डो भिल्लाभिसेन्सियोको गोली हानी हत्या भएपछि इक्वेडरका राष्ट्रपति गुइलेर्मो लासोले बिहीबार देशभर ६० दिनका लागि सङ्कटकाल घोषणा गरेका छन् ।

'राष्ट्रको सशस्त्र बललाई नागरिकको सुरक्षा, देशको शान्ति र अगस्ट २० को स्वतन्त्र र लोकतान्त्रिक निर्वाचनको ग्यारेन्टी गर्न देशभर परिचालन गरिएको छ,' राष्ट्रसित लासोले युट्युबमा प्रसारण गरेको सम्बोधनमा भनेका छन् ।

(विस्तृत समाचार पृष्ठ ६ मा)






# सौर्य विद्युत् आयोजनामा तालाबन्दी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको ढल्केवरमा रहेको मिथिला सौर्य विद्युत् आयोजनामा तालाबन्दी गरिएको छ । धनुषाको जिल्लाको मिथिला नगरपालिका वडा नम्बर ८ स्थित ढल्केबरमा आयोजनालाई जग्गा भाडा दिएका जग्गाधनीले भुक्तानी माग गर्दै तालाबन्दी गरेका हुन् ।
आयोजनाले प्रतिकठ्ठा छ हजार पाँच रुपैयाँका दरले ८२ जना किसानसँग ५६ बिघा जमिन भाडामा लिएको लामो समय भएपनि भाडा वापतको रकम नदिएको भन्दै जग्गाधनीहरुले आयोजनामा तालाबन्दी गरेका छन् ।
आयोजनाले सौर्य उर्जाबाट १० मेगावाट विद्युत् उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्दैआएपनि तालाबन्दी गरिएपछि विद्युत् उत्पादनसमेत बन्द भएको छ ।
जग्गाधनीहरुले १५ महिनादेखि जग्गा वापतको भाडा बाँकी रहेको जनाउँदै तालाबन्दी गरेको जनाएका छन् ।
सञ्चालक नवीनकुमार सिंह एक वर्षदेखि सम्पर्कमा नआएको र कार्यालयमा पटक पटक भाडा माग्दा पनि पैसा उपलब्ध नगराएपछि बाध्य भएर आयोजनामा तालाबन्दी गरिएको जग्गाधनीले जनाएको छ ।
त्यस्तै जग्गाधनी नन्दकिशोर यादवले जग्गा भाडावापतको रकम पठाउन छोडेपछि आयोजनामा बाध्य भएर ताला लगाएको बताए ।
यसआयोजनाका सहायक म्यानेजर धर्मेन्द्रकुमार सिंहले एक सातामा सबैको रकम भुक्तानी गरिदिने भन्दाभन्दै पनि सम्बन्धित जग्गाधनीले आयोजनामा तालाबन्दी गरेको बताएका छन् ।

# प्रत्येक जिल्लालाई दश लाख

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले बाढी तथा डुबानपीडितलाई राहत तथा उद्धारका लागि आठै जिल्लामा दश लाख रुपैयाँ पठाउने भएको छ । प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिमको अध्यक्षतामा सम्पन्न प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले बाढी तथा डुबानपीडितलाई राहत तथा उद्धारका लागि रकम उपलब्ध गराउने निर्णय गरेको हो । मन्त्री समिमले राहत तथा उद्धार सामग्री खरिद गर्न आठवटै जिल्ला प्रशासन कार्यालयलाई तत्काल राहत रकम पठाउने निर्णय गरेको जानकारी दिए । प्रदेशका आठै जिल्लामा बाढी तथा डुबानको समस्या छ ।
त्यसलाई मध्यनजर गरी प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको विपद् व्यवस्थापन समितिलाई तत्कालका लागि राहत रकम दिने निर्णय भएको गृहमन्त्री समिमले जानकारी दिए । राहत तथा उद्धार कार्य प्रभावकारी बनाउन सबै सुरक्षा निकाय र सरोकारवालासँग समन्वय गर्ने निर्णय गरिएको छ ।

# राष्ट्रपति र प्रधानमन्त्रीबीच भेट



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रपति रामचन्द्र पौडेलसँग भेट गरेका छन् । भेटमा समसामयिक राजनीतिका विषयमा छलफल भएको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।
प्रधानमन्त्री दाहाल आज साँझ नियमित भेटघाटक्रममा राष्ट्रपति कार्यालय पुगेका थिए ।
भेटमा प्रधानमन्त्री दाहालले राष्ट्रपतिसमक्ष विश्व खाद्य कार्यक्रमबारे ब्रिफिङसमेत गरे । प्रधानमन्त्री दाहाल साउनको पहिलो साता इटालीमा संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनको मुख्यालयले आयोजना गरेको कार्यक्रम सहभागी भइ फर्किएका थिए ।
प्रेस सल्लाहकार पोखरेलले भने, 'प्रधानमन्त्री दाहाल इटालीमा आयोजित विश्व खाद्य कार्यक्रमबाट फर्किनु भएयता राष्ट्रपतिसँग भेट भएको थिएन । भेटमा राष्ट्रपतिले कार्यक्रमबारे जानकारी लिनुभयो ।'

# ६ वर्षीया बलात्कार गर्नेलाई जन्मकैद

**मधेशदृष्टि**
**सिरहा ।**
६ वर्षीया बालिकालाई बलात्कार गरेको कसुर ठहर गर्दै जिल्ला अदालतले सिरहा नगरपालिका–२ का २७ वर्षीय वीरेन्द्र शर्मालाई जन्मकैदको फैसला गरेको छ ।
जिल्ला अदालतका न्यायाधीश मनोज केसीको एकल इजलासले फैसला गरेको हो ।
कसुर ठहर भएका शर्माबाट पीडितलाई ६ लाख रुपैयाँ क्षतिपूर्ति भराउनसमेत फैसला भएको छ । आरोपितले



बालिकालाई २०७८ असार ७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले असार ७ गते जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिएका थिए ।
पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ७ गते जिल्ला अस्पताल सिरहामा भएको थियो । जिल्ला प्रहरी कार्यालय सिरहाले आरोपितलाई असार ७ गते गिरफ्तार गरेको थियो ।
जिल्ला अदालतको आदेशमा आरोपित साउन १ गतेदेखि पुर्पक्षका लागि थुनामा थिए ।

# फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला स्थित इलाका प्रहरी कार्यालय गरुडाबाट खटिएको प्रहरी टोलीले अपराधी अभद्र मुद्दाको फरार प्रतिवादी शिवजी महतोलाई पक्राउ गरिएको हो ।
पर्सा प्रहरीको समन्वय तथा रौतहट प्रहरीको सक्रियताले फरार प्रतिवादी महतोलाई पक्राउ गर्न सफल भएको छ ।
पर्साको बिरगंज महानगरपालिका वडा नम्बर ८ स्थित जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको गस्ती टोलीले अपराधी अभद्र मुद्दाको फरार प्रतिवादी जिल्ला रौतहट बृन्दाबन नगरपालिका वडा नम्बर ८ स्थित बरगजवा टोल बस्ने ३९ वर्षिय शिवजी महतोलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय गरुडाबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा टोलीले पक्राउ गरेको हो ।
निजलाई बुझि आवश्यक अनुसन्धानको लागि ई.प्र.का.गरुडा रौतहटमा ल्याई थप अनुसन्धान भइरहेको जनाएको छ ।

# सुरक्षा निकायको निगरानीमा......

बाँसबारीबाट सूचना प्राप्त भएको जनाइएको छ । सोहीक्रममा शैक्षिक प्रमाणपत्र प्रमाणीकरण सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी भक्तपुरबाट शर्माको आइएससीको सर्टिफिकेट 'नट भेरिफाइड' लेखी आएको उल्लेख गरिएको छ ।
यस अघि सर्वाेच्च अदालतले गत आइतबार मन्त्रिपरिषद्का निर्णय तथा निर्णयकर्तामाथि पनि अनुसन्धान आदेश दिएको थियो । सोहीअनुसार पूर्वप्रधानमन्त्रीहरूको बयान लिने तयारी भएको हो । 'अदालतको आदेशमाथि परामर्श गरिरहेका छौँ,' सिआइबीका एक उच्च अधिकारीले भने, 'बयान सबैको लिनुपर्छ भन्ने छ, मुद्दा दायरको हकमा संलग्नताअनुसार निर्णय हुन्छ ।' सर्वोच्चको आदेशपछि सोमबार महान्यायाधिवक्ता डा. दीनमणि पोखरेल र प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलगायतका अधिकारीबीच उच्चपदस्थको बयान लिने र थप प्रमाण खोज्ने विषयमा छलफल भएको थियो ।
सिआइबीले हाल लिखत किर्तेमा संलग्नमाथि अनुसन्धान केन्द्रित गरेको छ । लिखत किर्ते गरी मन्त्रिपरिषद्लाई झुक्याएको अहिलेसम्मको सिआइबी अनुसन्धानको निष्कर्ष छ । त्यसमा तत्कालीन मन्त्रीसम्मका व्यक्तिको संलग्नता देखिएको आधारमा सिआइबीले अनुसन्धान गरिरहेको छ ।
यसैबीच, बुधबार बसेको सत्ता गठबन्धन बैठकमा गौर हत्याकाण्डको अनुसन्धानवारे छलफल भएको छ ।
प्रधानमन्त्री पुष्पकमल दाहालले गौर हत्याकाण्ड पीडित संघर्ष समितिसँग गरेको पाँच बुँदे सम्झौताको सन्दर्भमा जसपा अध्यक्ष उपेन्द्र यादवले बैठकमा जिज्ञासा राखेका थिए । उक्त काण्डको अनुसन्धान सुरु भए तत्कालिन मधेशी जनअधिकार फोरमका अध्यक्ष एवं वर्तमान सांसद उपेन्द्र यादव र तत्कालिन माओवादी नेता एवं वर्तमान सांसद प्रभु साह पनि अनुसन्धानमा तानिने सम्भावना छ ।

# सिडिओले जारी गरेको........................

लगाएको सन्दर्भमा मन्त्री समिमले बिहीबार फोन गरेर गृह मन्त्रालयलाई जानकारी गराएका छन् भने मधेश प्रदेशका प्रहरी नायब महानिरीक्षक जनक भट्टराईलाई निर्देशन दिएका छन् ।
उनले प्रशासन कार्यालयको उक्त सूचना उर्दी जस्तै भएकोले अबिलम्ब फिर्ता लिई नेपाल पत्रकार महासंघ सप्तरी शाखासँग वार्ता गरी समस्या समाधान गर्न प्रहरी प्रशासनलाई निर्देशन दिए । पत्रकारहरुमाथि कुटपीट एवम् दुव्र्यवहारका घटनाहरु भएकोप्रति दुःख व्यक्त गर्दै उनले यस्ता घटनाहरु दोहोरिन नदिन सरोकारवालालाई सचेत गराएका हुन् ।
यसअघि मधेश प्रदेश सभा सदस्य सतिश कुमार सिंह र आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले पछिल्लोपटक सुरक्षा निकायबाट पत्रकार मनोहर कुमार पोखरेलमाथि कुटपीट तथा अन्य पत्रकारहरुलाई गरिएको दुव्र्यवहारका घटना, जिल्ला प्रशासन कार्यालय सप्तरीको बिना अनुमति फोटो तथा भिडियो नखिच्न जारी गरेको सूचना, नेपाल पत्रकार महासंघ शाखा सप्तरी सङ्घर्षमा उत्रिन बाध्य भएको अवस्था लगायत विषयमा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिमलाई जानकारी सहित ध्यानाकर्षण गराएका थिए ।

# हत्याकाण्ड छानबिन सत्ता गठबन्धनको षड्यन्त्र




*सरकार र गौर हत्याकाण्डपीडित संघर्ष समितिबीच करिब १७ वर्षअघि भएको घटनाको छानबिन गर्ने सहमति भएपछि जनता समाजवादी पार्टी (जसपा) असन्तुष्ट छ । रौतहटको गौरस्थित राइस मिलमा २०६३ चैत ७ गते एकै दिन तत्कालीन मधेशी जनअधिकार फोरम र नेकपा (माओवादी) को भ्रातृसंगठन मधेशी मुक्ति मोर्चाले सभा राखेका थिए । त्यहाँ सभा गर्न माओवादी पनि पुगेका थिए । त्यसपछि भएको झडपमा २८ जना माओवादी कार्यकर्ताको मृत्यु भएको थियो । घटनाको छानबिन गर्नेगरी मंगलबार गृह मन्त्रालय र संघर्ष समितिबीच पाँचबुँदे सहमति भएपछि जसपाले विरोध जनाएको छ । अध्यक्ष उपेन्द्र यादवले बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटेरै असन्तुष्टि पोखेका थिए । जसपाका कार्यकारिणी सदस्य तथा प्रतिनिधिसभामा प्रमुख सचेतक प्रदीप यादवसँगको कुराकानी ।*

**गृह मन्त्रालय र गौर हत्याकाण्डपीडित संघर्ष समितिबीच घटना छानबिन गर्ने सहमतिपछि जसपा किन तरंगित भएको हो ?**
संघर्ष समितिसँग गृह मन्त्रालयले गरेको सहमति एकपक्षीय छ । त्यो बेला पनि त छानबिन समिति गठन भएको थियो नि । बहालवाला न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा छानबिन समिति गठन भएको हो । त्यो समितिको प्रतिवेदन सरकारले लुकाएर राख्यो । प्रतिवेदन आजसम्म सार्वजनिक गरेको छैन । त्यो सार्वजनिक गरे त दुधको दुध, पानीको पानी हुन्छ । सत्य थाहा भइहाल्छ । बहालवाला न्यायाधीशको अध्यक्षतामा गरेको छानबिन लुकाएर अर्को छानबिन गराउन मिल्छ र ? यो नकारात्मक कुरा हो, यसले राम्रो सन्देश दिँदैन ।

**यही विषयलाई लिएर बुधबार तपाईंहरूको पार्टी बैठक बसेको खबर बाहिरियो । तर कुन तहको बैठक हो र के निर्णय भयो भन्ने सार्वजनिक भएन । के निर्णय गर्नुभयो ?**
हिजो (बुधबार) काठमाडौँमा उपलब्ध कार्यकारिणी सदस्यको बैठक थियो । यो विषय (सरकारले गरेको सहमति) मा कसरी अगाडि बढ्ने भन्ने सल्लाहका लागि बैठक बसेको हो ।

**बैठकले केही ठोस निर्णय गर्‍यो कि गरेन ?**
जुन प्रकारले गृह मन्त्रालयले एकोहोरो प्रकारले सम्झौता गरेको छ, त्यो गलत हो भन्ने कुरा आयो । सबैको यही भनाइ थियो । यो विषय सत्ता गठबन्धनमा राख्ने निर्णय भएको छ । हामी सत्ता गठबन्धनमा भएको हुनाले त्यहीँ सहमति गरेर अगाडि बढ्ने निर्णय भएको छ ।

**सत्ता गठबन्धनका ठूला दलले अन्य घटक दललाई दबाबमा राख्न केही न केही विषय निकालेर यसरी निर्णय गर्छन् भनिन्छ । जसपाले त्यही कारण विरोध गरेको हो ?**
जसपाले यो विषयमा अहिले केही निर्णय गरेको छैन र सुतेको पनि छैन । तर सबैको बुझाइ त्यस्तै त्यस्तै छ ।

**गौर हत्याकाण्ड राजनीतिक थियो कि आपराधिक थियो ?**
त्यो घटना तपाईं, हामी सबै नागरिक र मिडियालाई अवगत नै छ । तत्कालीन मधेशी जनअधिकार फोरमले त्यहाँ आमसभा राखेको थियो । जिल्ला प्रशासन कार्यालयसँग सहमति लिएर नै गौरमा कार्यक्रम राखिएको थियो । त्यो कार्यक्रमअघि माओवादीहरू छापामार शैलीमा आए । कोही सिन्धुली, कोही मकवानपुर, कोही रौतहटलगायत विभिन्न जिल्लाबाट कार्यकर्ता मगाए । त्यतिबेला त माओवादीसँग जनसेना थियो । जनसेना नै ल्याएर कार्यक्रममा आक्रमण गरे । हाम्रो कार्यक्रम सञ्चालन गरिरहनुभएका विश्वनाथ पटेललाई बन्दुकका कुन्दाले हाने । बम पड्काए । अनि हाम्रा कार्यकर्ता भागे । त्यो बेला त माओवादीसँग जनता आक्रोशित थिए, कसैको भकारी लुट्ने, कसैलाई अपहरण गर्ने, कसैसँग चन्दा माग्ने, शिक्षकहरुलाई पनि उठाइदिने, कोही प्रभावशाली मुखिया छ भने त्यसको हत्या नै गरिदिने गरिरहेका थिए । जनताहरू आत्तिसकेका थिए । त्यसकारण त्यहाँ जनताले नै आक्रमण गरेको सर्वविदितै छ । किनकि, कोही मान्छे मरेको छ १० किलोमिटर पर, कोही मरेको छ २० किलोमिटर पर । एकै ठाउँमा त मरेको छैन । जनता आफ्नो क्षमताअनुसार लडेको हो । यो त माओवादी र जनताको द्वन्द्व हो । यसमा न जसपा दोषी छ, न कोही नेता नै दोषी छन् । कोही नेता झगडा गर्न गएको थिएन ।

**जे भए पनि यो घटनामा तत्कालीन मधेशी जनअधिकार फोरम र यसका नेताहरू जोडिनु भएको छ । गृह मन्त्रालयले छानबिनको निर्णय गरेपछि जसपा अध्यक्ष उपेन्द्र यादव डराउनु भएको हो ?**
पार्टी अध्यक्ष डराउने कुरै होइन । पार्टी अध्यक्ष त राजनीतिक मुद्दामा कतिपटक जेल गइसक्नु भएको छ । उहाँ यस्ता कुराले डराउने होइन । तर जुन प्रकारले जसपा र पार्टी नेतृत्वलाई समाप्त पार्ने अनि पार्टीलाई नै घेराबन्दी गर्ने षडयन्त्र चलिरहेको छ, अध्यक्ष र पार्टी त चिन्तामा हुन्छन् नि । स्वाभाविक चिन्ता हुन्छ । पार्टी अगाडि बढ्दै गर्दा सत्ता गठबनधनकै दलबाट षडयन्त्र हुन्छ भने त्यो निश्चित रूपमा चिन्ताको विषय हुन्छ । डराउनु भएको वा घबराउनु भएको भन्ने चाहिँ होइन ।

यस प्रकरणले सत्ता गठबनधभित्रै खटपट होला?
तत्कालै त यो घटनाले केही असर नपार्ला।
(रितेश त्रिपाठी/उकालो डटकम)




## थोरै ध्यान दिउँ, आँखा जोगाउँ

*विगत केही दिन यता आँखा पाक्ने रोग फैलिँदै गइरहेकाले आँखा पाक्ने रोग नियन्त्रण एवम् रोकथामको लागि सावधानी अपनाऔँ ।*

**आँखा पाक्ने रोगका लक्षणहरुः**
१. एक्कासी एउटा वा दुईवटै आँखा रातो हुने, आँखामा चिप्रा लाग्ने वा टालिने ।
२. आँखा धेरै चिलाउने, आँखा धमिलो देखिने ।
३. आँखाबाट आँसु बगिरहने, आँखा सुनिने, दुख्ने, बिझाउने ।
४. घाम तथा उज्यालो प्रकाशमा हेर्न गाह्रो हुने ।
५. आँखाको सेतो भाग रातो र रगत चुहिएला जस्तो देखिने ।



**बच्ने उपायहरुः**
१. जथाभावी आँखा नछुने, आँखा छुनै पर्ने भएमा पहिले राम्ररी साबुन पानीले हात धोएर मात्र छुने, पोसिलो खाने कुरा खाने ।
२. दैनिक सफा पानीले आँखा सफा गर्ने, आँखा पाकेमा रोगीसँग दूरी कायम गर्ने ।
३. आँखा पाक्ने रोगीले प्रयोग गरेका रुमाल, तौलियालगायत अन्य सामग्रीको प्रयोग नगर्ने ।
४. सेनिटाइजर नियमित प्रयोग गर्ने, सरसफाइमा ध्यान दिने ।

**आँखा पाक्ने रोग लागेमा के गर्नेः**
१. पटकपटक सफा र चिसो पानीले आँखा सफा गर्ने ।
२. आँखा छोइसकेपछि हरेक पटक साबुन पानी वा सेनिटाइजरले हात सफा गर्ने ।
३. आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
४. कालो चस्मा प्रयोग गर्ने, अन्य निरोगी व्यक्तिसँग टाढा रहने ।
५. आफूले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
६. आफूखुसी आँखामा औषधी प्रयोग नगर्ने, औषधीको प्रयोग गर्नु पर्ने भएमा आँखासम्बन्धी चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह सुझावअनुसार प्रयोग गर्ने ।

मधेशदृष्टि | TV BIRGUNJ | RADIO Birgunj 99 fm. | 95.5 FM

जनहितमा जारी सन्देश


# १० दलित परिवारलाई घर बनाइने

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रसौनी गाउँपालिकाले दलित बस्तीका लागि सुरक्षित आवास बनाउने भएको छ ।
गाउँपालिकाले चालू आर्थिक वर्ष २०७९/८० को स्वीकृत कार्यक्रमअनुरुप दलित बस्तीलाई सुरक्षित आवास बनाउन लागेको हो ।
गाउँपालिकाका अध्यक्ष विनोद प्रसाद जैसवालका अनुसार कार्यक्रमको लागि गाउँसभाबाट एक करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।
उनले चालू आर्थिक वर्षमा वडा नम्बर ५ का १० परिवारलाई सुरक्षित आवास बनाउन लागेको जानकारी दिए । उनले घर निर्माणका लागि नक्सांकनको कार्य बाँकी रहेको बताए ।
सम्बन्धित व्यक्तिको जग्गामै पालिकाले घर बनाउने गाउँपालिका अध्यक्ष जैसवालले बताए । गाउँपालिकाभित्र ५ सय दलित परिवार रहेको र सबैलाई सुरक्षित आवास उपलब्ध गराइँदै जाने दाबी गरे ।

# १६० को आँखाजाँच

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २ छपकैयास्थित आधारभूत स्वास्थ्य केन्द्रमा आयोजित निःशुल्क आँखा शिविरमा १ सय ६० जनाको आँखा जाँच गरिएको छ । वीरगंज सामुदायिक आँखा अस्पतालको सहयोगमा सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा छपकैयाले गरेको शिविरमा आँखा जाँच गराएकामध्ये ३० जनामा मोतिबिन्दुको समस्या भेटिएको छ । सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुदिन ठकुराईको अध्यक्षतामा आयोजित शिविर उद्घाटन वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलमले गरेका थिए । वडा नम्बर २ का वडाध्यक्ष महमद रेयाज मियाँ तेली, सामुदायिक आँखा अस्पतालका मेडिकल संयोजक महेश सिंह धामी, वडा सदस्यहरु बसिर मियाँ हजाम, रम्भा देवी, सामुदायिक सेवा केन्द्रका वरिष्ठ उपाध्यक्ष अब्दुल हक, सचिव प्रवीण विक्रम शाह, कोषाध्यक्ष प्रेम कुमारी सिंहलगायतको उपस्थिति थियो ।

# लागुऔषधसहित दुई पक्राउ

**मधेशदृष्टि**
**पर्सा ।**
पर्सामा लागुऔषधसहित दुई जना युवक पक्राउ परेको छ ।
जिल्लाको सदरमुकाम बीरगंज महानगरपालिकामा शंकाको आधारमा अनिलकुमार महतो र मनिस केसीलाई प्रहरीले चेकजाँच गर्दा लागुऔषध नाईट्रोभेट ट्याब्लेट ५ पता ७२ पिस बरामद गरेको हो ।
बीरगंज महानगरपाकिला वडा नम्बर १३ स्थित चिनिमिल स्थितमा चेकिङको टोलिले शंका लागेपछि पैदल याली बीरगंज वडा नम्बर १२ स्थित मुर्ली बस्ने २५ वर्षिय महतोलाई चेक जाँच गर्दा झोलाबाट लागु औषध नाईट्रोभेट ट्याब्लेट ५ पता ७२ पिस बरामद गरेको र उनीसँगै रहेका कञ्चनपुरको बेदकोट नगरपालिका वडा नम्बर ६ स्थित कञ्चनपुर महेन्द्रनगर बस्ने २६ वर्षिय केसीसमेतलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

# वर्षमा हजारभन्दा बढी दुर्घटनामा ६८ को मृत्यु



**मधेशदृष्टि**
**महोत्तरी ।**
महात्तरीमा एक वर्षमा एक हजार भन्दा बढी सवारी दुर्घटना भएको छ भने ६८ जनाका मृत्यु भएको छ ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीले उपलब्ध गराएको तथ्यांक अनुसार प्रत्येक वर्ष सवारी दुर्घटना बढ्दो देखिएको छ । जिल्लामा एक वर्षमा १ हजार ११ वटा सवारी दुर्घटना भएको छ भने ६८ जनाको मृत्यु भएको छ ।
जिल्लामा पछिल्लो आर्थिक वर्ष ०७९÷०८० मा सबैभन्दा बढी १ हजार ११ सवारी दुर्घटनामा ६८ जनाले ज्यान गुमाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । २०७७÷०७८ मा ६ सय ५४ सवारी दुर्घटनामा भएको थियो । यस दुर्घटनामा ६३ जनाको मृत्यु भएको थियो भने ०७८÷०७९ मा ९ सय २१ सवारी दुर्घटना हुँदा ५४ जनाको ज्यान गएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।
प्रत्येक वर्ष सबै भन्दा बढी दुर्घटना मोटरसाइकलको हुने गरेको छ । गत आर्थिक वर्षमा महोत्तरीमा ७ सय ३४ वटा मोटरसाइकल दुर्घटनामा परेको थियो । १५ प्रतिशत राजस्व बढाउने र १० प्रतिशत दुर्घटना घटाउने लक्ष्यअनुरूप जिल्लामा काम भए पनि सवारी चालकले ट्राफिक नियमविपरीत लापरवाही तबरबाट सवारी चलाउने गरेका कारण दुर्घटना बढ्दै गएको जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रविण कार्कीको भनाइ छ । ट्राफिक प्रहरीको निगरानी रहेको जिल्लाको पूर्व–पश्चिम राजमार्ग, बीपी राजमार्ग, गौशाला सम्सी सडक खण्ड र बर्दिवास जलेश्वर सडक खण्डमा भन्दा भित्री सडकमा बढी सवारी दुर्घटना हुने गरेको उनले बताए । तीव्र गतिमा सवारी चलाउनु, सडक सञ्जाल राम्रो नहुनु, क्षमताभन्दा बढी भार बोक्नु, पुराना सवारी सञ्चालनमै रहनु, मापसे गरेर सवारी चलाउनु, ट्राफिक नियमको पालना नगर्नुजस्ता कारण सवारी दुर्घटना बढ्दै गएको उनले बताए ।
राजस्वमा भने ट्राफिक प्रहरीको लक्ष्यभन्दा करिब दोब्बर राजस्व महोत्तरी ट्राफिकले संकलन गरेको कार्यालयले जनाएको छ । १५ प्रतिशतले राजस्व बढाउने ट्राफिक प्रहरीको लक्ष्यअनुसार काम गर्दा महोत्तरीमा आर्थिक वर्ष ०७९÷०८० मा २८ प्रतिशतले राजस्व वृद्धि गर्दै ३ करोड २३ लाख ६८ हजार ५ सय रुपैयाँ संकलन भएको छ । अघिल्लो आर्थिक वर्षमा महोत्तरी ट्राफिक प्रहरीले २ करोड ५३ लाख १९ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरेको थियो । यस वर्ष ट्राफिक नियम पालना नगर्ने ४३ हजार ३ सय सवारी कारबाहीमा परेका जनाइएको छ ।

# टाउको फेला परेको शरीर खोज्दैँ प्रहरी



**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीमा एक व्यक्तिको टाउको फेला परेको छ ।
जिल्लाको हरिवन नगरपालिका अन्तर्गत महेन्द्र राजमार्गमा पर्ने लखन्देही पुल तल गिडिएको अवस्थामापुरुषको टाउको फेला परेको हो ।फेला परेको पुरुषको टाउकोलाई काठमाडौँ पठाइएको छ ।
सदरमुकाम मलंगवा स्थित प्रादेशिक अस्पताल सर्लाहीले पोष्टमार्टम गर्न नमानेपछि प्रहरीले फेला परेको टाउकोलाई सुरक्षित रुपमा काठमाडौँ पठाइएको छ ।
पोष्टमार्टम गर्नका लागि टाउकोलाई काठमाडौँ पठाइएको सर्लाही प्रहरीका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जनाएका छन् । फेला परेको टाउकाको काठमाडौँ स्थित अस्पतालमापोष्टमार्टम गर्दा सही रिपोर्ट आउने भन्दै मलंगवा स्थित प्रादेशिक अस्पतालका चिकित्सकहरुले नमानेपछि काठमाडौँ पठाइएको छ ।
हरिवन नगरपालिका वडा नम्बर ४ स्थित सासापुरको लखन्देही पुलबाट करिब५० मिटर दक्षिण खोला किनारमा शरीरबाट टाउको मात्र फेला परेको थियो ।शरिरको अन्य भाग खोज तथा टाउकाको पहिचानका लागि लखन्देही खोला आसपास तथा जिल्ला स्थित अन्य स्थानका सुरक्षाकर्मीलाई परिचालन गरिएको छ ।
छिमेकी जिल्लाहरुमा समेत घटनाबारे पत्राचार गरिएको प्रहरी उपरीक्षक सुवेदीले बताए ।

# सांसदको नक्कली सर्टिफिकेटबारे बोले स्वतन्त्र सांसद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वतन्त्र सांसद अमरेशकुमार सिंहले राज्यका संयन्त्र जनतालाई धम्क्याउने र सत्तामा बस्नेहरुको लागि पैसा असुल्ने धन्दामा लागेको कारण मुलुकले समृद्धि हासिल गर्न नसकेको बताएका छन् ।
बिहीबार विराटनगरमा मोरङ व्यापार संघले आयोजना गरेको अर्थतन्त्रको अवस्था र वर्तमान परिचर्चा विषयक बिज टक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।
कांग्रेसका सांसद सुनिल शर्मालाई शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा सम्पत्ति शुद्धीकरण विभागले ६ दिन थुनेर राखेको र एमाउन्ट बुझाएपछि छोडिएको उनले जिकिर गरे ।
उनले भने, ‘राजस्व अुनसन्धानको काम पैसा उठाउने हो । जो प्रधानमन्त्री हुन्छ उसलाई र उसको पार्टीलाई पैसा उठाइदिने काम गर्छ । सम्पत्ति शुद्धिकरण पैसा उठाउँछ ।’
कांग्रेस सांसद शर्मालाई नक्कली सर्टिफिकेट बनाएको आरोपमा प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले बिहीबार पक्राउ गरेपछि उनले बोलेका हुन् ।

# गोलबजारमा जग्गा वर्गीकरण कित्ताकाट खुल्यो



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको गोलबजार नगरपालिकाले जग्गाको वर्गीकरण तथा कित्ताकाट खोलेको छ ।
जिल्लाको गोलबजार नगरपालिकाको सम्पूर्ण कागजात नापी र मालपोत कार्यालयलाई हस्तान्तरण गरिएपछि यस क्षेत्रमा जग्गाको कित्ताकाट र किनबेच गर्न बाटो खुलेको हो ।
जग्गाको वर्गीकरण बारे जानकारी गराउँदै नगरपालिकाका मेयर श्याम कुमार श्रेष्ठले अब कित्ताकाट खुल्दा जग्गा किनबेच गरी आफ्नो व्यवहार चलाउन नगरवासीलाई सजिलो हुने बताए ।
यस पालिकामा १३ वटा वडा रहेको नगर क्षेत्रका भूमिलाई आवासीय, व्यवसायिक, कृषि, नदीनाला, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र लगायत गरी १० क्षेत्रमा जग्गाको वर्गीकरण गरी सम्बन्धित निकायलाई बुझाएको छ ।
जेठ २७ गते भू–उपयोग ऐन २०७६ र भू–उपयोग नियामवली २०७९ले व्यवस्था गरे अनुसार नेपाल सरकारको मन्त्रीपरिषदले निर्णय गरी नगरक्षेत्र भित्रको भूमिको भू–उपयोग वर्गीकरण गर्नका लागि पत्राचार गरिएपछि कित्ताकाट रोखिएको थियो ।
लामो समयदेखि जग्गा वर्गीकरण नहुँदा जग्गाको किनबेच रोकिदा स्थानीयवासीलाई निकै नै समस्याबाट गुज्रिनु परेको छ ।

# डेंगी रोकथामका लागि जनचेतना अभियान शुरू



**मिश्रीलाल मधुकर**
**रौतहट ।**
रौतहट जिल्लाको मौलापुर नगरपालिकाका प्रमुख रिनाकुमारी साहले डेंगी रोकथामका लागि बिहीबारदेखि जनचेतना अभियान शुरु गर्नुभएको छ । मौलापुर नगरपालिकाका मेयर वडाका बासिन्दालाई भेटेर डेंगु रोकथामका बारेमा जानकारी दिनुभयो । डेङ्गु एजिप्टाई भाइरस लामखुट्टेको टोकाइबाट सर्ने, फोहोर पानीमा नभई सफा पानीमा लामखुट्टेको लार्वाहुने र ग्रामीण क्षेत्रभन्दा सहरी क्षेत्रमा बढी सर्ने भएकाले कूलर,गमला को पानी सधैँ फेर्नुपर्छ, वर्षाको पानी जम्मा हुने गरेको वेकार टायर, नाद ड्राम, बोतलहरूमा लामखुट्टेले लार्वा राख्छन्। त्यसैले जम्मा भएको पानीलाई फ्याँकिदिनुहोस र यसमा किरासन तेलहाल्नुहोस ।उच्च ज्वरो, टाउको दुखेमा नजिकैको स्वास्थ्य केन्द्रमा गएर उपचार गराउनुहोस् । जनचेतना अभियानमा उप प्रमुख नागेन्द्र यादव, प्रशासन अधिकृत रामबाबु साह, जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी र सर्वसाधारणको बाक्लो सहभागिता रहेको थियो ।

# तीन दिनपछि शव भेटियो



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीमा तीनदेखि बेपत्ता रहेका एकजनाको शव फेला परेको छ । सोमबारदेखि निरन्तररुपमा परेको पानीको कारणले आएको बाढीले गर्दा ३७ वर्षिय जावीर अन्सारीलाई खोलाले बगाएको तीन दिनपछि शव फेला परेको हो ।
मडाहा खोलाको बाढीमा बेपत्ता भएका सोनमा गाउँपालिका वडा नम्बर १ अन्सारीको शव फेला परेको महोत्तरी प्रहरीले जनाएको छ ।
बिहिबार अपरान्ह अन्सारीको शव सोनमा –१ स्थित गोवरैया टोलनजिक रहेको मडाहा खोलाको पूर्वी बगरमा फेला परेको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले जनाएको छ । बाढी घट्दै गएपछि स्थानीयको सहयोगमा सशस्त्र र नेपाल प्रहरीको संयुक्त टोलीले शव निकालेको उनले बताए।
बाढीको पानी जमेको करिब ५ फिट गहिरो खाल्डोमा खोजी गर्दा डोजरको सहायताले शव बाहिर ल्याएको उनले बताए ।
मृतकका आफन्तले शवको सनाखत गरेपछि प्रहरीले मुचुल्का तयार गरी परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको छ ।

# मिटरब्याजी आरोपमा साह पक्राउ



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा मिटरब्याजीको आरोपमा एक महिलालाई प्रहरीले पक्राउ गरेको छ ।
जिल्लाको मिर्चैया नगरपालिका वडा नम्बर ६ की ३५ वर्षीया सुजाता साहलाई प्रहरीले पक्राउ गरेको हो । आरोपित साहलाई बुधबार साँझ पक्राउ गरिएको सिरहा प्रहरीले जनाएको छ ।
स्थानीय ममता देवी रायले प्रहरी कार्यालयमा उजुरी दर्ता गराएको आधारमा अनुचित लेनदेन सम्बन्धि मुद्दामा अदालतबाट पक्राउ अनुमति लिएर मिटरव्याजी साहलाई पक्राउ गरिएको सिरहाका प्रहरी उपरीक्षक टेकुनन्द इवा लिम्बुले जनाएका छन् ।
आरोपित साहमाथि प्रहरी र जिल्ला प्रशासन कार्यालयमा गरी दर्जनौँ उजुरी दर्ता छ । मिर्चैया क्षेत्रमा उनी लामो समयदेखि चर्को ब्याजमा ऋण दिने व्यवसाय गर्दै आएकी थिइन् ।
आरोपित साहलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक लिम्बुले बताए ।


## विदेह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनुषा

**सूचना !** **सूचना !!** **सूचना !!!**

उपरोक्त सम्बन्धमा यस नगरपालिका भित्र रहेको सामुदायिक विद्यालयहरु (आधारभुत र माध्यमीक) तथा सहकारी संस्थाहरुको गत विगत आ.ब.हरुको अन्तिम लेखा परीक्षण गराउनु पर्ने भएकोले इच्छुक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मान्यता प्राप्त लेखा परिक्षकहरुले तपसिलका कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस नगरपालिकामा लाग्ने निबेदन दस्तुर तिरी निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
२) आ.ब. २०७८ /०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
३) नगरपालिकामा निबेदन दस्तुर रु.१०० तिरेकोरसिदको प्रतिलिपि ।
४) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
५) निबेदन पत्र ।

संजिब कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

जे कुराले तिमीलाई चिन्तित बनाउँछ, त्यही कुराले तिमीलाई दक्ष बनाउँछ ।

–जोन लक ।

## सम्पादकीय

# सांसदले पढ्नु पर्दैन ?

भारतीय हास्यकवि सम्पत सरल भारतीय प्रधानमन्त्री नरेन्द्र दामोदर दास मोदीप्रति बढी नै कटाक्ष गर्ने कविका रुपमा चिनिन्छन् । उनले लेखेको एउटा कविताको अंश थियो, 'हाम्रा प्रधानमन्त्रीले कक्षा १० पास गरेको प्रमाणपत्र देखाउनु भएछ । लाग्छ, १० पास गर्नु भएपछि उहाँले पक्कै आठ र नौ कक्षा पनि पास गर्नु भएको छ ।' हो, नेपालमा पनि नेताहरु पढेको र नपढेको भनेर पछिल्लो दशक निकै चर्चा हुने गरेको छ । केही दिनअघि राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो विज्ञ केन्द्रीय टिममा स्नातकोत्तर अर्थात् मास्टर्स गरेको युवा राख्ने भनेर 'स्टन्ट' गर्‍यो । त्यो स्टन्टलाई सामाजिक सञ्जालवालाले धज्जी उडाइदिए । सभापतिले एसएलसी पास नगरे पनि हुने, सदस्यले मास्टर्स गर्नु पर्ने ! सामाजिक सञ्जालबाट लोकप्रियता कमाउँदै यहाँसम्म आएको पार्टीलाई अहिले सामाजिक सञ्जालले नै दनक दिइरहेको छ । सामाजिक सञ्जालको स्वतन्त्र खबरदारीले नागरिक समाज जीवित छ भन्ने पनि देखाएको छ । सामाजिक सञ्जालमा आरिस, कुण्ठा, पूर्वाग्रह, हेलोहोचो मात्रै छैन, खबरदारी पनि छ । अझ राम्रा कुरा गर्नेहरुको जमात त सामाजिक सञ्जालमा त्यस्ता सामग्री पढेर र हेरेर नभ्याउने गरी अपलोड भइरहेको बताउँछन् । नराम्रा कुरा त उनीहरुको मोबाइलमै देखाउँदैन ।

विहीबार नेपाली कांग्रेसका सांसद सुनील शर्मा पक्राउ परेका छन् । देशमा सांसद, मन्त्री, मेयर, सभामुख, न्यायाधीश, अख्तियारबाट घर गएका पूर्व आयुक्त, प्रहरी हाकिमहरु कोही पनि खतबात नलागेको पाउनु अब लसुन नखाने बाहुन भेटिएजस्तै हो । शर्माले कक्षा १२ को प्रमाणपत्र कीर्ते गरेको प्रहरीको दाबी छ । त्यही पत्र बोकेर सिआइबीका अधिकृतहरु समामुखकहाँ समातिएको रिपोर्टिङ गर्न पुगेका छन् । पक्कै उनले केही कैफियत गरेकै भएरै सिआइबीले समात्ने हिम्मत गरेको हुनुपर्छ । परीक्षा बोर्ड सानोठिमीले सांसद शर्माको प्रमाणपत्र 'नट भेरिफाइड' देखाएपछि सिआइबीको अनुसन्धान सफल भएर पक्राउसम्म पुगेको हो । नेपाल प्रहरीमै पनि 'भावी आइजी' भनेर फूर्ति लगाउने अधिकृतहरु प्रमाणपत्र, जन्ममिति विवादले राजीनामा गरेर घर जाने अवस्था बनिरहँदा प्रहरी अनुसन्धानमा भेटिएपछि किन छाडिन्छ र ? त्यसमाथि सत्ता गठबन्धनभित्रैकै सांसद र नेताहरु समातेर नेपाल प्रहरीले वाहवाही पाएकै छ । माओवादीका सुकुमार गृहमन्त्रीले पनि ताली पाएकै छन् ।

मूलकुरा, देशलाई, जनतालाई डोर्‍याउँछु भन्नेहरु किन कीर्ते कागजको सहारामा बाँच्न चाहन्छन् ? आखिर एक न एक दिन पाप धुरीबाट कराउँछ भन्ने नै छ । जो देखिँदै पनि आएको छ । यस्तो अवस्थामा सांसद, जसले नेपाली कांग्रेसको मोरङ अर्थात् कोइराला परिवारको विरासत भएको सहरबाट विजित अनुहारले यस्तो गर्नु कति न्यायसंगत हो ? एमबिबिएस डाक्टर बन्न पढ्नु पर्ने तत्कालीन प्रमाण पत्र तह पास गर्न नसकेपछि गरिएको कीर्तेले अहिले जग हसाएको छ । पद गएको छ । कांग्रेसको बदनाम भएको छ । आखिर हाम्रा नेताहरु मिहिनेत गरेर पढ्न किन अल्छी गर्छन् र कीर्ते प्रमाणपत्र बोकेर हिँड्छन् अनि जनताको नजरमा गिर्छन् ?

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# कपिलवस्तु राज्यको उदय र पतन



वीरेन्द्र रमण

कपिलवस्तु एक समृद्ध राज्य थियो । जहाँ राजा शुद्धोदनले शासन गर्दै आएको थियो । भगवान बुद्धको जन्म भुमि भएकै कारणले नै कपिलवस्तु राज्य ख्याती प्राप्त थियो । कपिलवस्तु राज्यको उदय भने निकै रोचक छ । त्यति नै रोचक यो राज्यको पतनमा पनि छ । कपिलवस्तु राज्यको निर्माणको आफनै कथा छ । कपिलवस्तु नामाकरण सम्बन्धमा प्राप्त जनविश्वास अनुसार प्राचीन कालमा कौशल देशका राजा ओकाका सन्तानहरु उत्तर छोडेर ुम्दा घुम्दै कपिलमुनि ऋषिको आश्रम पुगे । उनिहरुले आफनो वृतान्त उल्लेख गरेपछि ऋषिले नजिकको सालको जंगल फाडि बसोबास गर्न सल्लाह दिए अनुसार कालान्तरमा घना बस्ती हुन गयो रकपिवत्थु हुदै कपिलवस्तु नामकरण भयो । प्राचीन कालमा ऋषिद्वारा प्रतिपादित प्रकृति र पुरुषको द्वैधतामा आधारित दर्शनको जन्मभुमि भएकाले यस शाक्य गणराज्यको कपिलवस्तु नामकरण गरिएको थियो ककुछन्द बुद्धको जन्मभूमी गोटिहवा र कनकमुनी बुद्धको जन्मभूमी निग्लिहवा (निग्लीसागर) पनि यसै जिल्ला अन्तरगत पर्दछ ।

कपिलवस्तुमा पाइएको राजाको निवास स्थान देखि महलमा प्रवेश गर्ने संरचना त्यो समयमाको वैभवताको वर्णन गर्छ । बुद्धकालमा कपिलवस्तुमा मिथिला जस्तै भव्य राज्य व्यवस्था थियो । मिथिलाको जसरी पतन भयो त्यसैगरि त्यो राज्यको पनि त्यस्तै पतन भएको ईतिहासकारहरु बताउछन । मिथिलाका राजा आफनो राज्यबाट पथ भ्रष्ट भएपछि मिथिलाको पतन भएको हो भने कपिलवस्तु जातिय संकिर्णताबाट उब्जिएको आक्रोशबाट पतन भएको हो ।

यस राज्यको उत्थानको जति एतिहासिक तथ्य रहेको छ त्यति नै यसको अन्त्यको पनि दुखद कथा व्यथा रहेको छ । राजा शुद्धोदनको निधन पश्चात कपिलवस्तुका राजा भद्रक शुद्धोदनको भतिजा भए । भद्रकपछि महानाम राजा भए । महानामकै पालामा कौशलका राजा बिडुढवले कपिलवस्तुमाथि आक्रमण गरि ध्वस्त बनाएका थिए । बिडुढवले आफनो बदला लिनका लागि आक्रमण गरेका थिए । एक समय हालको भारतस्थित उत्तर प्रदेशको श्रावस्ती छेउछाउमा एउटा महाजनपद थियो जसको नाम थियो कौशल । कौशलका राजा प्रसेनजित एक दिन कपिलवस्तु आए । कपिलवस्तुमा बस्ने क्रममा प्रसेनजितले दरवारमा एक जना अत्यन्तै सुन्दर महिला देखे । ती महिलासंग प्रसेनजितको एक तर्फि प्रेममा परे । प्रसेनजितले ती महिलासंग विवाह गर्ने प्रस्ताव राखे । कपिलवस्तुका शाक्यहरुले ती सुन्दर महिलाका बारेमा बताउने अवसर नै पाएनन । बिहे धुमधामले भयो । प्रसेनजित खुसी भएर आफनो देश फर्किए । पछि प्रसेनजितको छोरा जन्मियो । उनको नाम बिडुडव राखियो । बिडुडव एक दिन आफनो मामाघर कपिलवस्तु आए र लामो समय बिताए र फर्किए । तर बिडुडवले आफनो दरवार बिर्सिएछन र तत्काल तरबार लिन फर्किदा बिडुडवले प्रयोग गरेका सरसमान, बस्ने ठाउ सबै दूधले धोईराखेको देखे । किन दूधले धोएको भन्ने थापा पाएपछि उनको आमा दासी थिए र उनि दासि पुत्र हुन जसलाई राज्यले सोही अनुसार अछुतको व्यवहार गरे । आक्रोशित भएका उनले ७० हजार शाक्यको वध गरेर कपिलवस्तुको समुल नै नष्ट गरि दिए । तर कपिलवस्तु राज्यको अन्त्य भयो । कपिलवस्तु कौशल महाजनपद अधिनस्थ भयो । कपिलवस्तुमा राजा शुद्धोदन शासन गर्दथे । कपिलवस्तुको राजधानी तिलौराकोट थियो । राजा शुद्धोदन ५७ बर्षको हुँदा उनकी रानी मायावतीबाट सिद्धार्थ गौतमको जन्म भएको थियो । सिद्धार्थको जीवनको स्वर्णिम २९ वर्ष कपिलवस्तुमा ब्यतित भएको थियो । उनले नवजात शिशु राहुल र पत्नी यशोधरालाई छोडेर गृहत्याग गरे । उनले कठिन तपस्या गरेर बुद्धत्व प्राप्त गरे । तिनै सिद्धार्थ कालन्तरमा गौतम बुद्धको नामबाट विश्वविख्यात भए । बुद्धको कुल शाक्यवंशलाई त्यतिबेलाको समाजले उच्च कुलको रुपमा हेर्दथ्यो ।

कौशल नरेश प्रसेनजित बुद्धका अनुयायी थिए । उनी शाक्य कुलसँग वैवाहिक सम्बन्ध गाँस्न चाहन्थे । उनका थुप्रै रानी थिए । उनी शाक्यकुलकी कन्यासँग विहे गरेर जन्मिएको सन्तानलाई कौशल महाजनपदको सम्राट बनाउने सपना देख्न थाले । उनले आफूलाई कन्या दिन कपिलवस्तुमा खबर पठाए । कन्या दिउँ आफूभन्दा सानो कुलका राजालाई कसरी दिने । नदिऊँ राजा रिसाएर आफ्नो मुलुकमा आक्रमण गरिदिने पो हुन् कि ? शाक्यहरुलाई आफ्नो रक्तशुद्धिको अभिमान थियो । उनीहरु शक्तिशाली कौशल सम्राटलाई नजरअन्दाज गर्न सक्दैनथे, आफ्नो कुलको मर्यादा झार्न पनि चाहँदैनथे । प्रसेनजितको मान पनि राख्नु थियो । उनीहरुले षड्यन्त्रपूर्वक दासीपुत्री बासभ खत्तियालाई शाक्य राजकुमारी भनेर प्रसेनजितसँग विवाह गरिदिएको कतिपय ईतिहासकारको कथन रहेको छ । उनीबाट नै विडुडवको जन्म भयो । उनि विडुडव कपिलवस्तु राज्य व्यवस्थाको अन्त्य गर्ने कारक बने ।

बुद्धले जुन मानवताको सन्देश प्रवाह गरे त्यो सन्देशलाई कपिलवस्तुले आत्मसाथ गर्न सकेन । मानव सबै एक समान हुन मानवमा कुनैपनि प्रकारले भेद हुदैन भन्ने सन्देश बुद्धले दिनु भएको थियो । तर जातिय द्वन्द्व कस्तो हुन्छ भन्ने कल्पना समेत गरेनन् । जातिय द्वन्द्व भनौ वा जसलाई ईतिहासकारहरुले रक्तशुद्धिको नाम दिएका छन् त्यसको प्रभाव यसरी पर्यो कि कपिलवस्तु जो समृद्ध मात्रै हैन एउटा सभ्यताको सन्देश दिने राज्य व्यवस्था थियो त्यो पनि नष्ट भयो । कपिलवस्तु जुनबेला आफैमा सम्पन्न सभ्यता थियो । उतिबेलै त्यहाँ नगर सभ्यता विकसित भएको थियो । जहाँ आफूलाई उच्च कुलको मान्ने शाक्यहरुको शासन थियो । शाक्यहरुलाई रक्तशुद्धिको जुन अहं र भ्रम थियो, त्यही कपिलवस्तुलाई खरानी बनाईदिएको थियो । त्यो गुल्जार कपिलवस्तु मानिस नै नभएपछि निर्जन हुन पुग्यो । रुख बुव्यानहरु उम्रिन थाले । हुन सक्छ, लामो अवधिमा चुरेबाट आउने बाढीले ल्याएको पाँगो माटोले कपिलवस्तु पुरिँदै गयो । कपिलवस्तु पहिले जंगल थियो । फेरि त्यहाँ जंगल विकसित हुँदै गयो । जुन कपिलवस्तु जसरीको जंगलबाट समृद्ध राज्य व्यवस्थाको रुपमा विकास भएको थियो त्यो त्यसैगरि नै लोप भए । बुद्ध आफनो युवाकाल विताएको स्थानको अवलोकन गर्न लाखौको संख्यामा भक्तजनहरु आउने गरेका छन । जसलाई त्यहा रहेको अवस्थाको रुपमा देखाउने गरिएको छ । अर्थात बुद्धले दरबारबाट निस्किदा प्रयोग गरेको बाटो ,उहाले जंगल जाने क्रममा प्रयोग गरेको घोडा जो पछि उहाको वियोगमा मृत्यु भएको स्थान समग्र दरवार क्षेत्र त्यहाबाट प्राप्त संरचनाहरु अहिलेपनि कपिलवस्तुको एतिहासकतालाई दर्साउने गरेको छ ।

आज पछि कपिलवस्तु पुरातत्वकी सम्पादले मात्रै भरिपुर्ण छैन एउटा संस्कृतिलाई समेत जोगाएर राखेको छ । खास गरेर नेपालको लोपोन्मुख आदिवासीहरु अहिलेपनि त्यही क्षेत्रमा बस्ने गरेका छन । जसको संस्कृति र जिवनशैली निकै रोचक रहेको छ । जसको विषयमा अध्ययन खासै भएको पाइदैन । कपिलवस्तुमा नेपालकै केही लोपोन्मुख जातिको समेत बसोवास रहेको छ । त्यस मध्ये एक हो नेटुवा । जो यस क्षेत्रको लोपोन्मुख समुदाय हो । रुपन्देही ,नवलपरासी र कपिलवस्तु जिल्लामा यस समुदायको बसोवास रहेको छ । खास गरेर यी समुदाय सर्प देखाएर माग्नु, मह काढनुको साथ साथै विवाहमा यस समुदायमा दाइजोमा सर्प दिने प्रचलन रहेको छ । कुसबडिया समुदाय अर्को लोपोन्मुख जाति हो । यो समुदाय पत्थरहरु पहरा कोटर निकाल्ने र मानवलाई घरायसी प्रयोगको लागि तयार गरिने दिने गरेका छन । राजी समुदाय समेत यस क्षेत्रका एक लोपोन्मुख समदाय हो । अर्ध फिरन्ते राजी समुदायका मानीसहरु कहाबाट आएर कसरी आए त्यसको प्रमाण भने पाइदैनन । राजी समुदायको मानिसहरुको पुख्र्यौली पेसा भनेको बर्षामा आउने ठुला ठुला बाढिहरुमा नदी पार गराई डुंड्वारा बाटो हिडने बट्वाहरुलाई तारिदिने, माछा मार्ने, सिकार खेल्ने जस्ता रहेको छ । अर्को समुदायमा चिडिमारा यो समुदायलाई दलित भित्र राखिएको छ । यो समुदायले परापुर्वकाल देखि चरा मार्ने भएकाले यसलाई चिडिमारा भनिएको छ । कतिपवस्तु जातिय संस्कृतिको लागि समेत अध्ययन गर्ने एउटा थलो रहेको छ । कपिलवस्तु ध्वत भएपछि यसको खोज समेत निकै समय लागेको थियो । ध्वस्त भएपनि जंगलको स्वरुप लिएको थियो । त्यसपछि धेरै प्रयत्न पछि यस स्थलको खोज भएको हो । विडुडवले ध्वस्त पारेको कपिलवस्तु जिर्णोद्धार पछि मगध नरेश अशोकले गरे । उनी ईसा पूर्व २४५ मा कपिलवस्तु आएका थिए । उनले बुद्ध जन्मस्थलमा प्रस्तर स्तम्भ राखे र त्यसमा स्पष्टसँग बुद्ध जन्मस्थल भएको तथ्य रहने गरी ढुङ्गाको स्तम्भ राखेर र त्यसैमा सन्देश खोपाए । आज त्यही प्रमाण विश्वलाई यो स्थल बुद्ध जन्मस्थल हो भनेर मान्न सहज भएको छ ।

चिनियाँ यात्री फाहियान सन् ४०३ मा लुम्बिनी आए । सन् ६३६ मा अर्का चिनियाँ यात्री हुयान साङले कपिलवस्तुको यात्रा गरे । सन् १२३४ मा जुम्लाका शासक रिपु मल्लले कपिलवस्तु लुम्बिनीको भ्रमण गरे । त्यतिन्जेलसम्म लुम्बिनीको अस्तित्व विश्वलाई थाहा थिएन । सन् १८९५ मा जर्मन विद्वान डा फ्यूहरर लगायतको टोलीले कपिलवस्तुको बारेमा गहन खोज अनुसन्धान गरे । इतिहासमा कपिलवस्तु लामो समयसम्म गुमनाम थियो । बुद्ध जन्मस्थल लुम्बिनी भएको प्रामाणिक तथ्य भेटिएपछि लुम्बिनीको ख्याती विश्वव्यापी भएको छ र नेपालको महत्वपूर्ण पर्यटकीय स्थल बनेको छ ।आज विश्व भरिका पर्यटकहरु यहा आउने गरेका छन । कतिपयको लागि यो स्थल धार्मिक अर्थात बुद्धको जन्म भुमि भएको ले महत्वपुर्ण हो भने कतिपयको लागि यहा पाइने गरिएको संस्कृति सम्पदाहरुको अध्ययन र यसको अनुसन्धानको लागि महत्वपुर्ण रहेको छ । तर कपिलवस्तु उत्थान देखि पतन सम्मको अवस्थालाई हेर्न हो भने यसको धेरै कोणबाट अनेक रुपमा विश्लेषण हुने अवस्था देखिएको छ । प्राचीन राज्य व्यवस्थाहरुको उत्थान जति सुखद थियो उनिहरुको विनाश पनि उत्तिकै पीडादायक रुपमा भएको थियो । जसको खोज र अनुसन्धानको अझै खाँचो छ ।

# मधेशको दुःख



विनोद कुमार गुप्ता
क्याम्पस प्रमुख
वीरगंज कलेज

नेपालको अन्न भण्डारको रुपमा चित्रित गरिदै आएको तराइ मधेशका आफनै दुःखहरु छन । टेलिभिजन अन्तरवार्ताका क्रममा एक पटक मानिनय हृदयेश त्रिपाठिले सुगौली सन्धिको वेला नेपालका तातकालिन शासकहरुले हाल मधेश तराइ भनेर चिनिने समथर भू भाग वाहेक चुरे क्षेत्रबाट मात्रै नेपालको सिमाना मान्न तयार भए पनी तराई मधेशका ६–७ जना जमिन्दारहरुले आफूहरु म्लेच्छ ( अंग्रेज ) सँग नबस्ने अडान लिएकोले यो तराइ मधेश नेपालको सिमाभित्र पर्न गएको सुनेको स्मरण छ । यस घटनाबाट पनी तातकालीन नेपालको शासकहरुको मधेश प्रतिको धारणा स्पष्ट हुन्छ । तर यति हुदा हुदै पनी राणा शासकहरु मधेश तराइको लागि एउटा उपकार भने गरेकै हुन , पूर्व पश्चिम हुलाकी राजमार्ग बनाएर । त्यस प्रश्चात राजा महेन्द्रले २०२८÷२९ साल तिर पूर्व पश्चिम राजमार्गको आवधारणा त ल्याए तर यसमा भइरहेको हुलाकी राजमार्गको उपेक्षा गर्दै चुरेको जंगल फडानी गरी विचबाट महेन्द्र राजमार्गको निर्माण भयो । यो राजमार्गको निर्माणको मुल उद्देश्य नै मधेशमा पहाडी मुलका नेपालीहरुको संख्या बढाउनु थियो । किन भने राजा महेन्द्रलाई मधेशीहरुको राष्ट्रियता माथि विश्वास थिएन र उनी पश्चात पनी यो सोच कायमै रहेको कुरा २०३६ सालको जानमत संग्रहको पूर्व संध्यामा नेपालको अदभूत विद्वान कहलाऐका डा. हर्क गुरुङ्गवाट मधेशीहरुलाई "भारतीय मूलको नेपाली नागरिक" को सम्बोधन दिनु र यस सम्बोधनले प्राप्त गरेको लोकप्रेयताबाट बुझन सकिन्छ ।

पूर्व पश्चित महेन्द्र राजमार्गको निर्माण कै क्रममा २०२८–२०३८ वि.स.लाइ वसाइ सराइको दशकको रुपमा लीन सकिन्छ किन भने २०२८ को जनगणनमा तराइको जन संख्या कुल जनसंख्याको ३७.६५ रहेकोमा २०३८ मा बढेर ४३.६५ पुग्न गएको देखिन्छ । यस कार्यलाई सरकार ले नै सन १९५६–६२ सम्म राप्ती उपत्यका बहु उदेशीय परियोजना , १९६६ मा खजुरा पुर्नवास परियोजना बाँके, १९७० मा जमुनी पुर्नवास परियोजना वर्दिय र झापा पुर्नवास , १९७५ मा धनेवा पुर्नवास परियोजना र जुगेडा पुर्नवास परियोजना संचालन गरेको पाइन्छ । छेठौ पञ्च वर्षिय योजनामा पनी यस कार्यक्रमलाई निरन्तरता दिदै सन १९८०–८५ मा कञ्चनपुर, वर्दिया, सर्लाही, नवलपरासी, झापा जिल्लाहरुमा हिमाली र पहाडी क्षेत्रबाट मान्छे ल्याउनका लागी सरकारले पुर्नवास कम्पनी नै संचालन गरेको स्मरण हुन आउँछ । पूर्व समयमा गरिएको यस्ताकार्यको फलस्वरुप हिमाल र पहाड गरी ३४ वटा जिल्लाको जनसंख्या घटेकोछ भने तराइका २० जिल्लाको जनसंख्या बढेको छ । औसत प्रजनन दर २.१५ भए पनी हिमाल र पहाडमा जनसंख्या घटनु र तराइमा बढेर कुल जनसंख्याको ५३.३५ प्रतिशत अर्थात आधि भन्दा बढि मधेशमा नै केन्द्रित भएको देखिन्छ । जबकि नेपालको क्षेत्रफलको हिसाबले २० वटा जिल्लाले सानो मात्र भू भाग ओगटेको छ । यस अवस्थामा नेपालको कुनै पनी नागरिक एक ठाउबाट अर्को ठाउँमा गएर बसेकोमा कसैले कुनै प्रश्न उठाउन सक्दैन तर यथार्थबाट आखापनी चिम्लन सकिदैन । धान चामल निर्यात कम्पनी नै चलाएर धान निर्यात गर्ने यो देश अब धान, गहु मकै समेत आयात गर्ने स्थितिमा पुगेको छ । किन यस्तो भयो भनेर विश्लेषण गर्दा के देखिन्छ भने जहा एकातिर जनसंख्याको चापले वढदो शहरी करणका कारण खेती योग्य जमिनको क्षेत्रफल घटदै गएको अनुपातमा कृषकहरुले मल, खाद स्तरिय विउ विजन र सिचाइको सुविधा त्यहि अनुपातमा पाउन सकेनन, सिचाइको लागि २९–३०५ क्षेत्रफलमा मात्र सुविधा उपलब्धछ र बाँकि क्षेत्र आकाशे पानिको भर पर्नु पर्छ । किन भने जङ्गल फडानी गरेर बनाइको सडक वरिपरि वसालेको वस्ती बाकलिलै गएपछि जग्गा जमिन महँगो हुन गएको कारणबाट बसाइ सर्नेहरु दक्षिण तिर वन जंगल नजिकको ठाउमा सस्तो जग्गा खरिद गरेर वसोवास गर्न थाले जस्ले वनको समेत अतिक्रमण वढन गएकोछ । वैदेशिक सहयोग उपयोगको सन २०१९–२० सम्मको तथ्याङ्क हेर्दा वाग्मतीमा ४८५ र अन्य ६ प्रदेशमा ५२५ उपयोग भएको देखिन्छ भने प्रजातन्त्र ( स्थापना ) को ३४ बर्ष र गणतन्त्र स्थापना भएको ८ बर्ष पछि को पनी तथ्याङ्क हेर्दा गठन भएको मधेश प्रदेशमा प्रतिव्यक्ति आय ६०० अमेरिकी डलर , मानव विकास सुचकाकं मा पनी सव भन्दा पछाडी र त्यसै गरी साक्षरता पनी अन्य प्रदेशको तुलनमा कमरहेको छ भने विद्यार्थी ड्रप आउट रेट देश मै सर्वाधिक छ । मलाई लाग्छ यो ३–४ वटा तथ्याङ्क ले नै नेपाल सरकार समग्र मधेशमा रहेका ८ जिल्ला र अन्य प्रदेशहरुमा पर्न गएको १२ जिल्लाको यस्तो भयावह स्थिति प्रति कति चिन्तितछ भन्ने कुरा स्पष्ट गर्दछ । नागरिकता विधेयक राष्ट्रपतीबाट प्रमाणिकरण भएपछि एमाले लगायत रा.ष्.व.पा जस्ता कुलीन र घरानिया नेपाली नेतारहेको पार्टिहरुले मंचन गरेको नाटकले उनीहरुको मानसिकता त स्पष्ट गरेकैछ थप भने नेपाल सरकारले नया कानुन अनुसार कति मधेशी र कती पहाडीलाई नागरिकता दिइयो भन्ने तथाङ्क प्रकाशन गरे पछि अष्पस्ट हुने नै छ । आफनै देश भित्रका नेपालीलाई नागरिकता दिन्न भनिनेहरुले "ग्रेटर नेपालको माग उठाउदा गाभिने भू–भागको नागरिकलाई नागरिकतादिने प्रशनमा झन शासन सत्ता आफनो हातबाट गुमाउने डरले हृदयाधातले सताउने सम्भावना पनी वढेर जान्छ । सरकारी तन्त्रमा ९०५ त पहाडी मुलकै नेपाली नागरिक छन नागरिकता पनी उनले नै वितरण गरेका हुन । त्यस्ता कति जनलाई आजसम्म कारवाहि भयो र भएन भने किन भएन यो नगर्दा शासकहरुको जिम्मेवारी "Accountbility" पुरा भएको मान्ने कि नमान्ने । त्यसैले हाम्रा भाग्य विधाताहरुले सस्तो लोकप्रियताको लागि गर्ने गरेको नौटकी बन्द गरेर तराइ मधेशको कृषि उत्पादन वढाएर मधेशलाई समृद्ध र देशलाई अन्नवालीमा आत्मनिर्भर कसरी बनाउन सकिन्छ भन्ने ठोस रणनिति बनाएर अगाडी बढनु आवश्यकता छ, गफ गाफले कहि पुरयाउदैन ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभभ्का : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रचनात्मक काम तिर धेरै मन जाने देखिन्छ । नराम्रो काम तिर भने मन जाने देखिन्न ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मिठो खाना र उपहार पौने योग रहेको छ । मन डराउने छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
चिन्ता बढ्ला जस्तो छ । काम गर्दा विचार पुराउनु होला ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आफन्त वा साथीहरु बाटै काममा अवरोध आउला।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
घाउ चोटपटक वा दुर्घटनाको भय होला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काममा परिवारको पर्याप्त सहयोग प्राप्त हुने देखिन्छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नोकरीबाट भलायिको काम हुने छ । शारीरिक शुखभोग प्राप्त हुने देखिन्छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
शरीरमा केहि बाधा आउनेछ । केहि बोल्दा फेरी एकदम ध्यान दिनु पर्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
सरकारी जागिरबाट भने राम्रो फाइदा हुने योग रहेको छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईले गर्नु भएको काम अथवा जागिरबाट भने खासै त्येस्तो नराम्रो देखिन्न ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
जागिर पनि शिक्षाको भए अझ राम्रो रहेको छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
शरीरमा केहि त्येस्तो खराबी देखिएता पनि तपाईको काममा भने खासै अवरोध भने नआउला ।

# पहिलेको झाडी अहिले कागती बगैँचा



**रासस**
**दाङ ।**
पाँच वर्षअघि निल काँडा र सैँजनको झाडी रहेको दाङको गढवा गाउँपालिका–३ गोबरडिहाको विद्यानगर अहिले कागतीको बगैँचामा परिणत भएको छ । जताजतै झाडी मात्रै देखिने पाखोबारीमा अहिले चारैतिर हरिया बोटमा लटरम्म कागती फलेका छन् । यहाँ पुग्ने जोकोहीको ध्यान फलेका कागतीका बगैँचाले तान्ने गरेका छन् ।
गोबरडिहाका किसान अन्जित चौधरीले पाखोबारीमा व्यावसायिकरुपमा उन्नत जातको कागती खेती सुरु गरेपछि उहाँको दैनिकी फेरिएको छ । चौतिस वर्षिय चौधरीले १० बिघा जमिन भाडामा लिइ कागती खेती सुरु गरेका हुन् । बगैँचा अवलोकन गर्न र खरिद गर्नका लागि विभिन्न ठाउँका मानिस यहाँ आउने गरेका चौधरीले बताए । विसं २०७४ मा यहाँको १० बिघा जमिन भाडामा लिएर व्यावसायिकरुपमा उन्नत जातको कागती खेती सुरु गरिएको उनले जानकारी दिए ।
धनकुटास्थित वनस्पति उद्यानबाट उन्नत जातका सुन कागती–१ र सुन कागती–२ का तीन हजार बिरुवा खरिद गरी खेती थालेको बताउँदै चौधरीले अहिले बगैँचामा पाँच हजारको हारहारीमा कागतीका बोट रहेका जानकारी दिए । गत वर्ष दुई क्विन्टल भन्दाबढी बिक्री गरेको जनाउँदै उनले यस वर्ष खडेरीका कारण फलेका कागती बढ्न नसके पनि उत्पादनमा भने कमी नभएको बताए ।उत्पादित कागती बिक्रीका लागि बजारको कुनै समस्या नरहेको भन्दै चौधरीले प्रतिकेजी एक सय ५० देखि दुई सयसम्ममा बिक्री गरिरहेको जानकारी दिए । जग्गा प्रयोग गरेबापत उनले वार्षिक रू दुई लाख भाडा तिरिरहेका छन् । खेती गर्न थालेको पाँच वर्ष भएको बताउँदै उनले राम्रो आम्दानी भइरहेको सुनाए । चौधरीका अनुसार यहाँ दुई जनाले पूर्ण र सात जनाले आंशिक रोजगारी पनि पाएका छन् । 'अहिले कागती बगैँचा फस्टाउँदै गएको छ । खेती गरेको जग्गा सरकारी जमिन हो । देउखुरीको प्राविधिक शिक्षालयको भवनमा बसेपछि जमिन प्राविधिक शिक्षालयलाई दिनुपर्ने भन्दै बगैँचा खाली गरिदिन भनिरहेका छन्', उनले भने, 'गरिरहेको व्यावसाय कहाँ लैजानु समस्या भएको छ ।'
'बाबुबाजेले धान, मकै, गहुँखती गरे र कृषि क्षेत्रमा नै रमाएर बसे । अहिले क्याम्पसमा पढ्दै परम्परागत खेतीको विकल्पका रुपमा कागती खेती सुरु गरेको हुँ', चौधरीले भने, 'सफल पनि भएको छु । यतिधेरै लगानी गरेर बगैँचा बनाइसके अब कहाँ गएर यो खेती गरुँ ?' यस खेतीका लागि सुरुका वर्ष गढवा गाउँपालिकाले तीन लाख र कृषि ज्ञानमाला केन्द्र घोराहीले रू दुई लाख अनुदान उपलब्ध गराएको उनले बताए ।
उनको यस कागती बगैँचा यस क्षेत्रकै सबैभन्दा ठूलो रहेकाले कसरी खेती गरिन्छ भन्ने जानकारी लिन, शैक्षिक अवलोकन गर्न विद्यार्थी, सञ्चारकर्मी, सर्वसाधारण, कृषक तथा कृषि क्षेत्रका सरकारी व्यक्तित्वहरु आउने गरेका उनले जानकारी दिए । नेपालमा ८० प्रतिशत कागती भारतलगायतका देशबाट आउने र २० प्रतिशतलाई मात्र यहाँ उत्पादन हुने भन्ने समाचार पढेकाले यस खेतीमा लाग्न सोही समाचारले आकर्षित गरेको चौधरीको भनाइ थियो ।कृषि प्रधान हाम्रो देशमा कृषिका अत्यन्तै सम्भावना रहेका भन्दै उनले यही माटोमा मेहनत गरे मनग्य आम्दानी गर्नसकिने अनुभव सुनाए ।
यसपटक भएको आम्दानीबाट थोपा सिँचाइ र तारजाली लगाउने योजना रहेको चौधरीले बताए । राम्रो उत्पादन तथा आम्दानी भएमा कागती प्रशोधन केन्द्रसमेत खोल्ने आफ्नो योजना रहेको उनले सुनाए ।
चौधरीले बर्सेनि युवाशक्ति रोजगारका लागि भारत तथा खाडीमुलुक जाने गरेकामा यसलाई राज्यले रोकेर आफ्नै देशमा आधुनिक आयमूलक काममा लगाउनुपर्ने सुझाव दिए । सरकारले कृषि क्षेत्रमा लागेकालाई अनुदानमा ऋण, किटनाशक औषधि, बीउबिजन, मल, सिँचाइको व्यवस्था गरिनुपर्नेमा उनले जोड दिए ।युवालाई लक्षित गरी एकीकृत कृषि व्यवसाय फाराम सञ्चालनमा ल्याउने, तालिम, सीपमूलक कृषि कार्यक्रमलगायत रोजगारी केन्द्रित योजना उपलब्ध गराउन सके वैदशिक रोजगारीमा जाने युवाको संख्यामा कमी आउने चौधरीको भनाइ थियो ।

# वाणिज्य बैंक र नलगाड नगरपालिकाबीच सम्झौता

**रासस**
**जाजरकोट ।**
उद्यमशीलता विकास गर्ने उद्देश्यले राष्ट्रिय वाणिज्य बैंक र नलगाड नगरपालिकाबीच सहुलियतपूर्ण कर्जा प्रदान गर्नेसम्बन्धमा सम्झौता भएको छ । सिंहदरबारस्थित वाणिज्य बैंकको केन्द्रीय कार्यालयमा आज नगरप्रमुख डम्बरबहादुर रावत र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठबीच सो सम्झौता भएको हो । स्थानीय क्षेत्रभित्र स्थायी बसोबास गर्ने नगरवासीको जीवनयापनमा सहयोग पुग्ने गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन ब्याज अनुदान कार्यक्रमअनुसार सम्झौता सहयोग पुग्ने बताइएको छ । यस नगरपालिकाले जोखिमपूर्ण अवस्थामा रहेका सर्वसाधारणको जीवनस्तर माथि उठाउन कोष स्थापना गरेको छ । विभिन्न लघुवित्तले जनतालाई चर्को ब्याज लिएर समस्यमा परिरहेको समयमा सहुलियतपूर्ण कर्जा लागू गरी जनताको जीवनस्तर उकास्न सहयोग मिल्ने अपेक्षा लिइएको नगरप्रमुख रावतले बताए । सहुलियतपूर्ण कर्जा कृषि तथा पशुपालन गरी जीवनस्तर सुधारका लागि प्रयोग हुने उनको भनाइ थियो । यस क्षेत्रका बासिन्दा जीविकोपार्जनका लागि भारत तथा अन्य मुलुक जानुपर्ने बाध्यतार्लाई अन्त्य गरी गाउँघरमै उद्यमशीलता विकास गर्न यस सम्झौताले सहयोग पु¥याउने पूर्वमन्त्री गणेशप्रसाद सिंहले बताए ।
यसैबीच यस नगरपालिकामा वाणिज्य बैंकको शाखा स्थापनाका लागि पहल भएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले छिट्टै बैंकको शाखा सञ्चालन गरिने बताए । नगर क्षेत्रभित्र भेरी करिडोर र चार सय १७ मेगावाट क्षमताको नलगाड जलविद्युत् आयोजना निर्माण भइरहेको र सोही क्षेत्रमा ४०० केभी क्षमताको सवस्टेशन निर्माण भइरहेकाले उक्त शाखाको बारोबार बढ्ने अनुमान गरिएको छ ।

# सैनिक कल्याणकारी कोषको सम्पत्ति ७७ अर्ब ६१ करोड



**रासस**
**काठमाडौँ ।**
सैनिक कल्याणकारी कोषको कुल सम्पति ७७ अर्ब ६१ करोड एक लाख पुगेको छ । उक्त रकममध्ये ७१ अर्ब पाँच करोड ६१ लाख विभिन्न बैँकमा मौज्दात रहेको रक्षा मन्त्रालयको चौँथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षामा जानकारी दिइयो ।
बाँकी छ अर्ब ५५ करोड ४० लाख भने कोष मातहतका विभिन्न निकायमा लगानी रहेको विवरण प्रस्तुत गरियो । सेनाका बहालबाला, भूतपूर्वक सैनिक, सकलदर्जा तथा आश्रितसमेत गरी करिब दस लाखको संख्यामा रहेका हिताधिकारीलाई उक्त रकमको ब्याजबाट शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियत उपलब्ध गराउँदै आइएको छ । कोषमार्फत सञ्चालनमा रहेका ती कार्यक्रमलाई थप प्रभावकारी र प्रतिफलमूलक बनाउन समयानुकूल विस्तार तथा स्तरोन्नतिका कार्य भइरहेका छन् ।
नेपाली सेना शान्ति स्थापनार्थ संयुक्त राष्ट्रसंङ्घको आह्वानमा शान्ति सेनामा सहभागी भएबापत प्राप्त रु एक करोड २४ लाख एक हजारबाट विसं २०३२ मा सैनिक कल्याणकारी कोष स्थापना गरिएको थियो ।
'बहुजन हितायः बहुजन सुखाय' आदर्श बाक्य रहेको कोषबाट सेनाका बहालवाल, अवकास प्राप्त सैनिक तथा आश्रित परिवारलाई स्वास्थ्य, शिक्षा, सहुलियत ऋण, आर्थिक राहत, बीमालगायत सीप तथा स्वरोगारजस्ता कार्यक्रम सञ्चालन हुदैआएका छन् । कोषको मुख्य आयस्रोत भनेको शान्ति सेनामा भाग लिएबापत प्राप्त हुने रकम, बैङ्क तथा वित्तीय संस्थामा निक्षेप गरिएको रकमबाट प्राप्त ब्याज र सैनिक स्वास्थ्य विज्ञान संस्थान र विद्यालय तथा महाविद्यालयबाट प्राप्त शुल्क रहेको जनाइएको छ ।
राष्ट्रसङ्घको आह्वानमा विश्वशान्तिमा धेरै सेना पठाउने मुलुकको बरियातमा नेपाल दोस्रो नम्बरमा छ । नेपाली सेना व्यावसायिक, अनुशासित र सहासिक भएकैकारण द्वन्द्वग्रस्त मुलुकका नागरिकबीचमा लोकप्रिय छ । शान्ति सेनामा धेरै संख्यामा महिला सैनिक पठाउने सूचीमा भने नेपाल पहिलो नम्बरमै छ । हाल विश्वका १३ वटा शान्ति मिसनमा पाँच सय ६५ महिलासहित छ हजार ७३ जना नेपाली शान्ति सैनिक खटिएका छन् । हालसम्म विश्वका विभिन्न मुलुकमा स्थापना भएका ४४ शान्ति मिसनमा रही एक लाख ४५ हजार आठ सय १३ नेपाली शान्ति सैनिकले योगदान पु¥याइसकेका छन् । सोही क्रममा ७३ जना नेपाली शान्ति सैनिकले वीरगति प्राप्त गर्नाका साथै ६६ जना सख्त घाइते भएका थिए ।

# प्राधिकरणको नाफा १२ अर्ब ३३ करोड
# साधारण सेयर बिक्रीको तयारी




**रासस**
**काठमाडौं ।**
नेपाल विद्युत प्राधिकरणले आर्थिक वर्ष २०७९/८० को अपरिस्कृत वित्तीय विवरणअनुसार १२ अर्ब ३३ करोड बराबरको नाफा कमाएको छ ।
आर्थिक वर्ष २०७७/७८ मा रु छ अर्ब १० करोड रहेकामा आव २०७८÷७९ मा खुद नाफा फेरि बढेर रु १३ अर्ब ३७ करोड पुगेको थियो । गत आवमा सुक्खायामको समय बढेर खोला तथा नदीनालामा पानीको बहाव घट्दा प्राधिकरण र निजी क्षेत्रका जलविद्युत् केन्द्रहरुको विद्युत् उत्पादनमा ह्रास आउँदा आन्तरिक माग धान्न विद्युत् आयात केही बढ्दा नाफा प्रभावित भएको प्राधिकरणले जनाएको छ ।प्राधिकरणले विद्युत् बिक्री र अन्यबाट गर्ने आम्दानी दुई वर्षअघि करिब रु ८१ अर्ब रहेकामा अहिले बढेर करिब एक खर्ब १८ अर्ब पुगेको छ ।
प्राधिकरणको सञ्चित नाफा ११ अर्बबाट बढेर ३६ अर्ब ६७ करोड पुगेको छ ।
प्राधिकरणमा बिहिबार आयोजित पत्रकार सम्मेलनमा कार्यकारी निर्देशक कुलमान घिसिङले संस्थाको वित्तीय अवस्थामा सुधार, संस्थाभित्रको सुशासन, हरेक नागरिकको घरमा विद्युत् पुर्याउन विद्युतीकरण, विद्युत् आपूर्तिलाई विश्वसनीय र भरपर्दो बनाउन प्रसारण र वितरणतर्फका पूर्वाधार संरचनाको विस्तार एवं सुदृढीकरणमा जोड दिइएको जानकारी दिए । यस्तै, उहाँले उत्पादनतर्फका ठूला जलविद्युत् आयोजना अगाडि बढाउने, आन्तरिकरूपमा खपत वृद्धि तथा बढी भएको विद्युत् निर्यातलगायतलाई उच्च प्राथमिकतामा राखी कार्य अगाडि बढाइएको बताए । यस्तै संस्थाको नाफा बढाउँदै लगेर मुलुककै सबल, अनुशासित तथा सम्मानित संस्था बनाउने, विद्युत् उत्पादन बढाउने र चुहावट घटाउने, अधिकतम ग्राहकसम्म पहुँच विस्तार गर्ने, वित्तीय खर्च घटाउने काम गरेको उनको भनाइ छ । प्रसारण तथा वितरण लाइन तथा सबस्टेसन विस्तार र सुधार गर्ने, प्रशासन सुधार्ने र ग्राहकलाई नियमित, गुणस्तरीय, भरपर्दो तथा पर्याप्त विद्युत् उत्पादन गर्न अहोरात्र क्रियाशील रहेको उनको भनाइ छ । दुई वर्षअघि करिब ८९ प्रतिशत विद्युतीकरण भएकामा अहिले ९५ प्रतिशत पुगेको समेत सो अवसरमा जानकारी दिइयो ।
समय–समयमा विद्युत् गएको भन्ने उपभोक्ताको गुनासोलाई सम्बोधन गर्न प्रणालीका पूर्वाधार संरचनामा सुधार र सुदृढीकरण अगाडि बढाइएको उनले बताए । काठमाडौँ उपत्यकासहित देशका प्रमुख ११ सहरको सन् २०५० सम्ममा हुने विद्युत्को माग प्रक्षेपण गरी चरणबद्धरूपमा चार सय, दुई सय २० र एक सय ३२ केभीका प्रसारण लाइन तथा सबस्टेसनको निर्माण अगाडि बढाइएको उनले जानकारी दिए । सेवा प्रवाहलाई आधुनिक तथा स्वचालित बनाउन डिजिटल एनइए कार्यक्रमअन्तर्गत प्रसारण तथा वितरणतर्फका सबस्टेसनलाई स्वचालित बनाउन सुरु गरिएको छ ।आयोजना निर्माणलाई तीव्रता दिन लामो समयदेखि अलपत्र अवस्थामा रहेका विद्युत् प्रसारण र वितरणतर्फका केही आयोजनाको ठेक्का सम्झौता रद्द गरी नयाँ ठेक्का लगाइएको कार्यकारी निर्देशक घिसिङको भनाइ छ । निर्माणाधीन आयोजनाहरू सम्पन्न गर्न अयोजनास्थलको नियमित निरीक्षण एवं अनुगमनलाई तीव्र पारिएको समेत पत्रकार सम्मेलनमा जानकारी दिइयो ।
प्राधिकरणले साधारण सेयर जारी गर्दै प्राधिकरणले निकट भविष्यमा साधारण सेयर बिक्री गर्ने भएको छ । त्यसका लागि वास्तविक सम्पत्ति मूल्याङ्कन गरिसकिएको छ । त्यस्तै प्राधिकरणको तेस्रो वित्तीय पुनःसंरचना तयार गरी प्राधिकरण ऐन, २०४१ बमोजिम प्राधिकरणको सेयर सर्वसाधारणमा जारी गर्ने प्रक्रिया अगाडि बढाइएको उहाँले जानकारी दिए । प्राधिकरणको क्रेडिट रेटिङ गराउँदा एए प्लस प्राप्त गरेको छ । यो भनेको संस्थाले आर्थिकरूपमा सबल रहेको स्पष्ट पारेको छ । उपयुक्त स्थानमा उपयुक्त व्यक्ति भन्ने अवधारणाका आधारमा जिम्मेवारी दिई ग्राहकलाई दिने सेवामा सुधार गर्न, विद्युत् चुहावट नियन्त्रण, विद्युत् महसुल बक्यौता असुलीलगायतलाई मानक मानी कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिइएको उनको भनाइ छ ।आव २०७७/७८ मा १७ दशमलव ३८ प्रतिशत रहेको विद्युत् चुहावट तीन दशमलव ९२ प्रतिशतले घटेर हाल १३ दशमलव ४६ प्रतिशत पुगेको छ ।
वितरणतर्फको विद्युत् चुहावट नौ दशमलव ७६ प्रतिशतमा सीमित भएको छ ।
यसबीचमा मधेस, बागमती र गण्डकी प्रदेशमा सारभूतरूपमा पूर्ण विद्युतीकरण भएका छन् । कोशी प्रदेशमा ९५ प्रतिशत, लुम्बिनी प्रदेशमा ९८ प्रतिशत, कर्णाली प्रदेशमा ६७ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ८२ प्रतिशत विद्युतीकरण भएको छ । कुल सात सय ५३ स्थानीय तहमध्ये प्राधिकरणको प्रणालीबाट पाँच सय पाँच स्थानीय तह सारभूतरूपमा पूर्ण विद्युतीकरण भएको छ । त्यस्तै दुई सय २७ वटा स्थानीय तहका अधिकांश स्थानमा र २१ वटा स्थानीय तहहरूका अधिकांश स्थानमा सोलार, साना तथा लघुजलविद्युत्मार्फत विद्युतीकरण भएका छन् । आगामी दुई वर्षभित्र मुलुकभर विद्युतीकरण गर्ने सरकारको घोषणालाई कार्यान्वयन गर्न सम्पूर्ण तयारीका साथ काम भइरहेको छ ।प्रतिव्यक्ति ऊर्जा खपत करिब दुई सय ३५ युनिट रहेकामा अहिले बढेर तीन सय ८० युनिट पुगेको छ । पछिल्ला दुई वर्षमा उद्योगको आठ सय एमभीए बराबरको विद्युत् लोड स्वीकृत गरिएको छ ।
प्राधिकरणका अनुसार काठमाडौँ उपत्यका, भरतपुर र पोखरा महानगरपालिका क्षेत्रका विद्युत् वितरण प्रणालीलाई भूमिगत काम सुरु गरिए पनि केही ढिलाइ भएको छ । यस्तै ग्राहकलाई सिङ्गल फेज कनेक्सन तीन दिनमा र थ्री फेज मिटर १० दिनमा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।यसैगरी सहर उज्यालो कार्यक्रमअन्तर्गत ललितपुर, पोखरा, भरतपुरलगायत देशका आठ नगरपालिकामा ११ हजार पाँच सय सडक बत्ती र ६७ हाइमास्ट जडान सम्पन्न भएको जानकारी दिइयो । काठमाडौँलगायत २७ वटा पालिकामा सडक बत्ती जडान कार्य अगाडि बढाइएको छ ।
अघि बढ्दै हरित हाइड्रोजन कार्यक्रम प्राधिरकणले हरित हाइड्रोजन उत्पादनका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ । सोसम्बन्धी कार्यक्रमका लागि कोरियाको एक संस्था र काठमाडौँ विश्वविद्यालयसँग आवश्यक काम सुरु भएको छ । ती संस्थाको प्राविधिक सहयोगमा नेपालमा हरित हाइड्रोजन उत्पादन र परिप्रयोगका सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयनको चरणमा रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।
प्राधिकरणले नमूना परियोजनाका रूपमा एक हरित हाइड्रोजन प्लान्ट स्थापना गर्ने तयारी थालेको छ । त्यस्तै हाल पाँच हजार सात सय ४२ सर्किट किमी प्रसारण लाइन र आठ हजार आठ सय ६७ एमभीए क्षमताका सबस्टेशन सञ्चालनमा रहेका छन् । नेपालले पहिलोपटक नोभेम्बर २०२१ देखि ३९ मेगावाट विद्युत् भारत निर्यात सुरु गरी हाल करिब चार सय ५० मेगावाट विद्युत् निर्यात भइरहेको छ ।
भारत निर्यातका लागि करिब छ सय मेगावाट थप आयोजना भारतको विद्युत् मन्त्रालयमा सहमतिको प्रक्रियामा रहेका छन् । विहार र नेपालका विभिन्न स्थानमा जोडिएका एक सय ३२ केभी प्रसारण लाइनबाट विहारको ग्रीड हुँदै भारतको केन्द्रीय ग्रीड प्रणालीबाट करिब तीन सय मेगावाट विद्युत् बिक्री गर्न पिटिसी इन्डिया, विहार स्टेट पावर कर्पोरेशन र प्राधिकरणबीच त्रिपक्षीय सहमति भएको कार्यकारी निर्देशक घिसिङले जानकारी दिए । भारतको हरियाणा राज्यलाई विद्युत् आपूर्ति गर्ने गरी भारतीय विद्युत् व्यापार कम्पनी एनभिभीएनसँग पाँच वर्षका लागि दुई सय मेगावाटको मध्यकालीन विद्युत् बिक्री सम्झौता सम्पन्न भएको छ । सो सहमतिका लागि भारतीय ऊर्जा मन्त्रालयमा पठाइएको उहाँले जानकारी दिए । त्यस्तै बङ्गलादेशमा विद्युत् निर्यातका लागि भारतको एनभिभीएन, बङ्गलादेशको बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र प्राधिकरणबीच त्रिपक्षीय सम्झौता अन्तिम चरणमा रहेको उनको भनाइ छ ।

# छापिएको दुई लाख अनुमतिपत्र लिन आएनन् सेवाग्राही

**रासस**
**काठमाडौँ ।**
नागरिकले चालक अनुमतिपत्र पाउन डेढवर्षसम्म कुरिरहँदा लाखौँ सेवाग्राहीले भने छापिएर आएको अनुमतिपत्र लिएका छैनन् । अहिले झण्डै दुई लाखभन्दा बढी अनुमतिपत्र थन्किएर रहेको एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालयले जनाएको छ ।
कतिपय सेवाग्राहीले एउटा वर्गभन्दा थप वर्गको अनुमतिपत्र लिएकाले, कतिपय विदेश गएकाले र कतिपय काठमाडौँ उपत्यका बाहिर गएकाले छापिएर आइसकेको अनुमतिपत्र बुझ्न नआएका हुन् । अहिले सेवाग्राहीले चालक अनुमतिपत्र नवीकरण गरेपछिको एकडेढ वर्षमा मात्रै अनुमतिपत्र पाउने अवस्था रहेको जनाइएको छ ।
धेरै सेवाग्राहीले एउटा अनुमतिपत्र नवीकरणका लागि निवेदन दिएर त्यो नआउँदै दोस्रो वर्गको सवारीसाधनको अनुमतिपत्रका लागि परीक्षा दिने गरेको कार्यालयका प्रमुख राजकुमार कपालीले बताए । उनले भने, 'नयाँ छापिएर आएपछि सेवाग्राहीले नवीकरण गर्न दिएको अनुमतिपत्र चाहँदैनन् र वर्षौँसम्म त्यसै रहन्छ ।'
एकै समयमा नवीकरणका लागि पनि आउने र अर्को प्रकारको 'ट्रायल' पास गरेर नयाँ लिने सेवाग्राहीको संख्या धेरै रहेको छ । पुरानो रद्द गरेर मात्रै नयाँ छापिने व्यवस्था नहुँदा एउटै व्यक्तिको एकै समयमा दुई अनुमतिपत्र छापिने गरेको उनले बताए । राज्यले दोहोरो परिचयापत्र छाप्नुपर्दा घाटा र अर्कातर्फ यातायात कार्यालयमा अनुमतिपत्र बढी हुँदा व्यवस्थापनमा समस्या हुने गरेको प्रमुख कपालीले बताए । एकै समयमा एउटै व्यक्तिको दुई वटा अनुमतिपत्र हुँदा वितरण गर्नका लागि धेरै जनशक्ति लाग्ने गरेको उनको भनाइ थियो । प्रमुख कपालीले भने, 'अहिले हामीसँग अनुमतिपत्रको संख्या दुई लाख छ तर एक दिनमा लिन आउने पाँच सय जना छ ।' अहिले कार्यालयमा तीन चार वर्ष पुराना धेरै अनुमतिपत्र रहेका छन् । कतिपय सेवाग्राहीको अनुमतिपत्र लिन नआउँदै अवधि सकिने गरेको उनले बताए ।



एकातिर अनुमतिपत्र छापिएर आउनै एकवर्ष बढी लाग्ने र अर्कातिर सेवाग्राही छापिएर आउनासाथ नआउने हुँदा धेरैभन्दा धेरै अनुमतिपत्र थन्किने गरेको कार्यालयमा कार्यरत कर्मचारीको भनाइ थियो ।अनुमतिपत्र लिन आउँदासम्म अवधि सकिएको भन्दै धेरै सेवाग्राही कर्मचारीसँग झगडा गर्ने गरेको देखिन्छ । कहिले आउँदा अनुमतिपत्र आएको छैन भन्ने र छापिएर आउँदा पहिले नै अवधि सकिने भन्दै उनीहरुले आक्रोस पोख्ने गरेका हुन् । कार्यालयले विभागबाट आउनासाथ वितरण गर्ने भए पनि छापिएर आउनै लामो समय लाग्ने गरेको प्रमुख कपालीले बताए । सम्बन्धित व्यक्ति आफैँ पनि नवीकरणका लागि निवेदन दिएर तीन चार वर्षमा आउँदा अवधि सकिने गर्छ ।

# राखेप कर्मचारी संघद्वारा संघर्षका कार्यक्रम घोषणा



**मधेशदृष्टि**
**काठमाडौं ।**
राष्ट्रिय खेलकुद परिषद कर्मचारी संघले विभिन्न माग अगाडी सार्दै संघर्षका कार्यक्रम सार्वजनिक गरेको छ ।कर्मचारी संघले बिहीबार त्रिपुरेश्वरमा पत्रकार सम्मेलन गर्दै नियमअनुसार हुनुपर्ने बढुवा नभएको भन्दै विभिन्न चरणको संघर्षका कार्यक्रम घोषणा गरेको हो ।परिषदको ११६औं बवर्ड बैठकले निर्णय गरे पनि युवा तथा खेलकुद मन्त्रालयमा रहेका केही निहीत स्वार्थ बोकेका कर्मचारीले असहयोग गरेका कारण बढुवा रोकिएको कर्मचारी संघले आरोप लगाएको छ । 'परिषद्को ११६ औ बोर्ड बैठकको निर्णय अनुसार कर्मचारी सेवामा २०६८ को दोश्रो संशोधन परिच्छेद ६ को दफा ५६ को उपनियम १ र १ (क) का मा भएको व्यवस्था बमोजिम कर्मचारीहरुको बढुवा प्रक्रिया अगाडि बढाइ सूचना प्रकाशित समेत गरी परिषद अन्तर्गत सातवटै प्रदेश र ७७ वटै जिल्लामा कार्यरत रहेका कर्मचारी हरुमध्ये नियमानुसार सम्भावित कर्मचारीहरुले तोकिएकै मिति भित्र परिषद्मा आएर पदपूर्ति समितिबाट बढुवाका लागि स्वीकृत दरखास्त फारम भरी बुझाईसकिएको छ', विज्ञप्तिमा उल्लेख छ, 'पदपूर्ति समितिले पनि विद्यमान नियमावली बमोजिम समितिबाट गर्नुपर्ने प्रारम्भिक चरणका कार्यहरु ९९ प्रतिशत भन्दा बढी सम्पन्न गरी बढुवाको लागि योग्य उम्मेदवारको अन्तिम नामावली निर्णय गरी अनुमोदनका लागि परिषद् समक्ष सिफारीस गर्नुपर्ने काममात्र बाँकी रहेको अवस्थामा युवा तथा खेलकुद मन्त्रालयमा रहेका केही निहीत स्वार्थ बोकेका कर्मचारीहरुले राखेपप्रति रहेको असहयोगका कारणले ऐतिहासिक र सकारात्मक कार्यले समेत सार्थक परिणाम पाउन सकेको छैन ।'२७ वर्षदेखि राखेप कर्मचारीको बढुवा रोकिएको भन्दै कर्मचारी संघकी अध्यक्ष सरस्वती केसीले व्यवस्थापनले गर्नुपर्ने काममा पनि आफैं नलडी नहुने अवस्थामा आइपुगेको बताइन् ।'परिषदका ३८५ कर्मचारी बढुवा प्रक्रियामा छन् । बढुवा व्यवस्थापनले गर्नुपर्ने अवस्थामा कर्मचारी आफैँ लड्नुपर्ने अवस्था आएको छ', केसीले भनिन्, '२७ वर्षदेखि बढुवा नभएकाहरु छन् । तर केही व्यक्तिको स्वार्थ बाझिएकोले हाम्रो कर्मचारीलाई बढुवा हुन नदिन उहाँहरुले पहल गर्नुभएको छ । त्यहाँ निहीत स्वार्थ देखिएको छ ।'युवा तथा खेलकुद मन्त्रालयका मन्त्री, राखेपका उपाध्यक्ष, राखेपका सदस्य सचिवसबैले सहयोग गर्दा पनि केही व्यक्तिगतले गर्दा बढुवा रोकिएको उनले बताइन् ।अध्यक्ष केसीले ती व्यक्तिको नाम नभने पनि कर्मचारी संघका महासचिव कुमार बस्नेतले नामै तोकेर बढुवा रोक्ने काम भएको बताए । 'मन्त्रालयका सदसचिवद्वय कुमार दाहाल र इमनारायण श्रेष्ठले विशेषगरी बढुवामा अवरोध गर्नुभएको छ । उहाँहरुले किन यसो गर्नुभएको हो थाहा छैन । हामीले कानुन कमोजिम बढुवा खोजेको हो । क्राइटेरियामा परेका करिब चार सय जना बढुवा पर्खिरहेका छन्', उनले भने ।युवा तथा खेलकुद मन्त्रालयका प्रवक्तासमेत रहेका सहसचिव कुमार दाहाललाई सोध्दा उनले आफू त्यहाँ गएको भर्खर दुई महिना हुन लागेको र बढुवा रोक्ने काम आफूले नगरेको बताए ।
संघर्षका कार्यक्रम बढुवा प्रक्रिया रोकिएकै विषयमा राखेप कर्मचारी संघले तत्कालका लागि एक साताको संघर्षको कार्यक्रम सार्वजनिक गरेको छ । जसमा साउन २६ देखि भदौ १ गतेसम्म कर्माचारीले कालोपट्टी बाँध्ने देखि पेन डाउन गर्नेसम्मका कार्यक्रम छन् ।

# इक्वेडरमा राष्ट्रपतिका उम्मेदवारको हत्या देशभर सङ्कटकाल घोषणा



**एएफपी**
**क्विटो ।**
राष्ट्रपति पदका उम्मेदवार फर्नान्डो भिल्लाभिसेन्सियोको गोली हानी हत्या भएपछि इक्वेडरका राष्ट्रपति गुइलेर्मो लासोले बिहीबार देशभर ६० दिनका लागि सङ्कटकाल घोषणा गरेका छन् ।
'राष्ट्रको सशस्त्र बललाई नागरिकको सुरक्षा, देशको शान्ति र अगस्ट २० को स्वतन्त्र र लोकतान्त्रिक निर्वाचनको ग्यारेन्टी गर्न देशभर परिचालन गरिएको छ,' राष्ट्रसित लासोले युट्युबमा प्रसारण गरेको सम्बोधनमा भनेका छन् ।
दशदिनपछि हुन लागेको राष्ट्रपतीय निर्वाचनमा भ्रष्टाचार र आपराधिकगिरोहविरुद्ध अभियान चलाउँदै आएका पूर्वपत्रकार भिल्लाभिसेन्सियोको आज क्विटोमा भएको चुनावी ¥यालीमा गोली हानी हत्या गरिएको हो ।उनको चुनावी प्रचार टोलीका एक सदस्यले स्थानीय सञ्चारमाध्यमलाई बताएअुनसार ५९ वर्षीय भिल्लाभिसेन्सियोलाई कारमा चढिरहेका उनको टाउकोमा तीन गोली प्रहार गरेको थियो ।
राष्ट्रियसभाका सदस्य भिल्लाभिसेन्सियो इक्वेडरमा सङ्गठित अपराध र सरकारी अधिकारीहरू बीचको सम्बन्धबारे बोल्ने थोरै उम्मेदवारहरूमध्ये एक हुन् । ल्याटिन अमेरिकामा अपेक्षाकृत सुरक्षित र स्थिर देशका रुपमा चिनिएको इक्वेडरमा हालैका दिनमा हिंसा र अपराधमा भर्खरको वृद्धि भएको छ । आपराधिक गतिविधि वृद्धिको मुख्य कारण लागूऔषध तस्करी बनेको छ । भिल्लाभिसेन्सियोलाई गोली प्रहार भएपछि सुरक्षाकर्मीले जवाफी कारबाही गरेको थियो । त्यसक्रममा दुई प्रहरी अधिकारीसहित अन्य नौ जना घाइते भएका छन् । क्विटोमा छापा मारेर हत्यामा संलग्न छ जनालाई प्रहरीले पक्राउ गरेको छ । भ्रष्टाचार नियन्त्रण र वातावरणीय विनाश कम गर्नुपर्ने मुद्दालाई प्राथमिकताका साथ उठाउँदै आएका पूर्वपत्रकार भिल्लाभिसेन्सियोलाई लागूऔषध तस्करी गर्ने एक गिरोहले हालै ज्यानमार्ने धम्की दिएको थियो ।

# मार्सल आर्टस् टोली युके जाने



**रासस**
**काठमाडौँ ।**
अन्तर्राष्ट्रिय मार्सल आर्टस् च्याम्पियनसिपमा सहभागिताका लागि दुई खेलाडीसहित तीन सदस्यीय नेपाली टोली संयुक्त अधिराज्यको नर्थ योर्कसायर प्रस्थान गर्ने भएको छ ।
यही साउन २७ गते हुने प्रतियोगितामा समीप श्रेष्ठले एकल काता तथा गुना गुरुङले चाइनिज फम्र्समा प्रतिस्पर्धा गर्नेछन् ।
टोलीको व्यवस्थापकमा तेजबहादुर बरुवाल छन् ।
टोलीलाई सफलताको शुभकामना दिँदै आदिवासी खेलकुद सङ्घ नेपालका अध्यक्ष एवं नेपाल उमा कुङफु सङ्घका महासचिव भुपेन्द्र गुरुङ र आदिवासी खेलकुद सङ्घ नेपालका महासचिव सुरेश मगरलगायतले आज यहाँ आयोजित एक कार्यक्रममा बिदाइ गरे ।
बिदाइका अवसरमा अध्यक्ष गुरुङले खेलाडीले पदक जितेर अन्तर्राष्ट्रियस्तरमा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्नेमा आफू विश्वस्त रहेको बताउँदै खेलाडीलाई उच्च मनोबलका साथ प्रतिस्पर्धा गर्न आग्रह गरे ।
प्रतियोगितामा नेपालबाट उद्धव थापामगरले पनि चाइनिज फम्र्समा प्रतिस्पर्धा गर्ने अध्यक्ष गुरुङले जानकारी दिए । उद्धव केही महिनादेखि संयुक्त अधिराज्यमै छन् ।

# बेलायती खुद्रा बिक्रेता विल्को धराशायी बाह्र हजार रोजगारी जोखिममा




**एएफपी**
**लण्डन ।**
बेलायती घरेलु सामान कम्पनी विल्को ठूलो ऋणका कारण धराशायी भएको यसका मालिकले बिहीबार घोषणा गरेका छन् । विल्कोका प्रमुख कार्यकारी अधिकृत मार्क ज्याक्सनले उच्च मुद्रास्फीति र ब्याज दरले उपभोक्ता र व्यवसायहरूलाई असर पु¥याएको बताएका छन् ।
उक्त समूह करिब ४०० स्टोरहरूबाट सञ्चालित साथै अन्य साना घरेलू सामानहरूको अतिरिक्त सरसफाई र बगैंचासम्बन्धी उत्पादनहरूको अनलाइन बिक्री गर्दैआएको विल्कोले आफू कठिन मोडमा पुगेको जनाउँदै आफुलाई नयाँ प्रशासनको जिम्मा लगाएको हो । विल्कोका प्रमुख कार्यकारी अधिकृत ज्याक्सनले आफ्नो वेबसाइटमा एक खुला पत्रमा भनेका छन्, 'हामी सबैले यो अविश्वसनीय व्यवसायलाई अक्षुण्ण राख्न कडा सङ्घर्ष गरेका छौं तर समय समाप्त भएको छ भनेर स्वीकार्नु पर्छ ।'
उनले प्रसङ्गलाई जोड्दै भने, 'अब हामीले हाम्रो नियुक्त प्रशासकहरूसँग काम गरेर सकेसम्म लामो समयसम्म धेरैभन्दा धेरै रोजगारीहरू सुरक्षित राख्नको लागी सबैभन्दा राम्रो गर्नु पर्दछ ।'
विल्कोले सन् १९३० मा स्थापना भएको सङ्कटग्रस्त कम्पनीको प्रशासकको रूपमा प्राइस वाटरहाउस कूपर्सलाई नियुक्त गरेको थियो । प्राइस वाटर हाउस कुपर्स लण्डनमा केन्द्रिय कार्यालय रहेको बहुराष्ट्रिय लेखा व्यवसायी फर्म हो ।

# मलाई कारागारबाट मुक्त गर्नोस्ः खान



**एएनआई**
**इस्लामाबाद ।**
पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानले आफूलाई कारागारबाट मुक्त गर्न आफ्ना वकिलहरूसँग आग्रह गरेका छन् । आफूलाई भेट्न आएका वकिलहरूलाई नेता खानले यस्तो आग्रह गरेका हुन् ।
साथै पाकिस्तान तहरीक–ए–इन्साफ (पीटीआई) का अध्यक्षले पनि आफू जेलको कोठरीमा कष्टपूर्वक बसेको बताएका छन् ।भ्रष्टाचारको आरोपमा तीन वर्षको जेल सजाय पाएका पूर्वअन्तरराष्ट्रिय क्रिकेट स्टार खानलाई राजधानी इस्लामाबादबाट करिब ६० किलोमिटर पश्चिममा अवस्थित एटक सहरको औपनिवेशिक युगको जेलमा राखिएको छ ।
'ट्रायल कोर्ट'को तीन वर्ष जेल बस्नुपर्ने निर्णयलाई चुनौती दिँदै नेता खानका वकिलहरूले हिजो पुनरावेदन दायर गरेका थिए । गत शनिबार पक्राउ परेका उनलाई उक्त कारागारमा सोही दिन राखिएको हो । उनलाई पाँच वर्षको अवधिका लागि राजनीतिक गतिविधिमा भाग लिनबाट पनि प्रतिबन्ध लगाइएको छ ।
गत वर्षको अप्रिलमा सदनमा विश्वासको मत नपाएपछि प्रधानमन्त्री पटबाट हट्नुभएका उहाँमाथि दुई सयभन्दा बढी मुद्दा लगाइएको छ । पदमा रहँदा आफूले प्राप्त गरेका उपहारको वास्तविक घोषणा नगरेकामा दोषी ठहर्याएर उक्त अदालतले शनिबार नै उनलाई तीन वर्षको जेल सजाय सुनाएको थियो ।
'अहिले पाकिस्तानमा कानुनी शासन छैन, हामी एक अदालतबाट अर्को अदालतमा हतार गरिरहेका छौँ । मानवका लागि उपयुक्त नहुने दुःखद अवस्थामा उनलाई राखिएको छ । अति थोरै उज्यालो हुने, पङ्खा मात्र भएको साह्रै सानो सी–क्लासको जेलमा राखिएको र सुत्न र प्रार्थना गर्न एकमात्र गद्दा दिइएको छ,' ७० वर्षीय नेता खानलाई विशिष्ट व्यक्तिलाई थुन्ने कारागारमा राख्न मागसमेत गरिएको उल्लेख गर्दै युसुफजाईले सञ्चारकर्मीहरूलाई बताएका छन् । झिँगा र कीराले विद्रुप पारेको कालकोठारीमा नेता खानलाई कोचेको वकिलहरूको भनाइ छ । त्यस्तो वातावरणमा बसेका उनले दासत्व नस्वीकार्ने प्रण पनि गरेका छन् । यद्यपि उनले सजाय भोग्ने तर घुँडा नटेक्ने बताएका छन् । प्रतिकूल परिस्थितिका बाबजुद नेता खान हतोत्साही नभएको वकिलहरूले बताएका छन् ।

# एउटै सवारी साधनमा विपरीत लिङ्गीलाई बस्न निषेध



**एएफपी**
**बन्दा आचे ।**
इन्डोनेसियाको अति–रुढिवादी आचे प्रान्तका अधिकारीहरूले विपरीत लिङ्गीलाई एउटै सवारी साधनमा बस्न नपाइने आदेश जारी गरेका छन् ।
पारिवारिक सम्बन्ध नभएका पुरुष र महिला तथा विशेष गरी विवाह नगरेका विपरीत लिङ्गीलाई सवारी साधन र सार्वजनिक स्थानमा अलग्गै बस्न आदेश दिएका हुन् । स्थानीय सरकारले उक्त आदेश कडाइका साथ कार्यान्वयन गरिने बताउँदै त्यसको पूर्ण पालना गर्न सम्बद्ध सबैलाई निर्देशन दिएको छ । एकान्त, सार्वजनिक र सवारी साधानमा विवाह नगरेका नारीपुरुष बस्न नपाइने परिपत्र गत साता जारी गरिएको हो । दैनिक जीवनमा इस्लामिक मूल्य मान्यता पालन गराउने प्रयासस्वरुप उक्त आदेश जारी गरिएको आचे सरकारका प्रवक्ता मुहम्मद एमटीएले बताएका छन् । इस्लामिक धर्मगुरुहरूसँगको परामर्शपछि उक्त आदेश जारी गरिएको उनले स्पष्ट गरेका छन् ।
सुमात्रा टापुको उत्तरी छेउमा अवस्थित आचे इस्लामिक कानून लागू गर्ने विश्वको सबैभन्दा धेरै जनसंख्या भएको मुस्लिम बहुल देशको एक मात्र प्रान्त हो । व्यापक आलोचनाको बाबजुद उक्त आदेश कार्यान्वयनको प्रयास भएको छ । जकार्ताले दिएको व्यापक स्वायत्तताअन्तर्गत शरिया कानुन भएको आचेमा जुवा खेल्ने, मदिरा सेवन गर्ने र विवाह बाहिर पनि सम्बन्ध राख्नेलगायतका अपराधमा सार्वजनिकरूपमा कोर्रा हानिन्छ ।

# 'अविश्वासको प्रस्ताव, आगामी निर्वाचनका लागि भगवानको आशीर्वाद'

**सिन्ह्वा**
**नयाँदिल्ली ।**
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विपक्षी दलमाथि कटाक्ष गर्दै विपक्षी दलले आफ्नो सरकारविरुद्ध अविश्वासको प्रस्ताव ल्याउनु भगवानको आशीर्वाद भएको बताएका छन् । उनले सन् २०२४ को लोकसभा चुनावमा विगतका सबै रेकर्ड तोडेर एनडीए र भाजपाले भव्य विजय हासिल गर्ने दावी गरे ।
लोकसभामा अविश्वासको प्रस्तावमाथिको बहसको जवाफ दिँदै प्रधानमन्त्री मोदीले भने, 'भारतीय जनताले हाम्रो सरकारमाथि पटक–पटक विश्वास देखाएका छन् । म यहाँ देशका करोडौं जनताप्रति कृतज्ञता व्यक्त गर्न आएको हुँ ।'प्रधानमन्त्री मोदीले सन् २०१९ को लोकसभा चुनावअघि सन् २०१८ मा पनि विपक्षी दलले आफ्नो सरकारविरुद्ध अविश्वासको प्रस्ताव ल्याएको स्मरण गरे ।



'परमेश्वर धेरै दयालु हुनुहुन्छ र कुनै माध्यमद्वारा बोल्नुहुन्छ । विपक्षले सरकारविरूद्ध अविश्वासको प्रस्ताव ल्याएको छ । यो भगवानको आशीर्वाद हो भन्ने मलाई विश्वास छ ।'
उनले विपक्षी गठबन्धनलाई सङ्केत गर्दै भने, 'मैले सन् २०१८ मा अविश्वासको प्रस्तावको बेला भनेको थिएँ कि यो हाम्रो लागि परीक्षा होइन तर उनीहरूका लागि परीक्षा हो ।अविश्वासको प्रस्ताव फलस्वरूप उनीहरू चुनावमा पराजित हुनुपरेको थियो ।'प्रधानमन्त्री मोदीले विपक्षी दललाई आफूले विश्वासको मत परीक्षण भएको र सन् २०१८ को अविश्वासको प्रस्तावमा जति मत प्राप्त भएको थियो, त्यो पनि जुटाउन नसकेको दावी गरेका छन् ।
उनले भने, 'एक किसिमले भन्ने हो भने विपक्षीको अविश्वास हाम्रो लागि सधैं भाग्यको बिषय बनेको छ । आज म देख्न सक्छु कि तपाईं (विपक्षी) ले निर्णय गर्नुभएको छ कि एनडीए र भाजपा विगतका सबै रेकर्डहरू तोड्दै, जनताको आशीर्वादका साथ २०२४ को चुनावमा ठूलो विजयका साथ फर्कनेछन् ।'
अविश्वासको प्रस्तावमाथि मङ्गलबारदेखि बहस सुरु भएको थियो ।

# जनप्रतिनिधिकै घरमा हिंसा ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोहरपट्टी नगरपालिका—१ बगडा टोलकी २३ वर्षीया पूजा महरालाई ३६ वर्षीय पति मणि राम र ६० वर्षीय सासू सुवधि देवी महराले कुटपिट गरी घर निकाला गरेको भन्दै पीडितले न्यायका पहलका लागि इन्सेक मधेश प्रदेश कार्यालय, जनकपुरधाममा निवेदन परेको छ । आरोपित पतिलाई विवाह दर्ता र १४ महिनाको छोरा रिथान्स महराको जन्म दर्ता बनाई दिन आग्रह गर्दा नबनाइदिएको र कुटपिट गरी घर निकाला गरेकाले न्यायका लागि पहल गरिदिन इन्सेक मधेश प्रदेश कार्यालयमा निवेदन दिएकी हुन् । आरोपित पति सानीमा बैंकमा कार्यरत छन् भने अर्का आरोपित पीडितकी सासू सुविधा देवी वडा सदस्य (जनप्रतिनिधि) हुन् ।
पीडित पूजालाई विवाह भएदेखि नै दाइजो नल्याएको कारण कुटपिट गर्दै आएकोमा पीडितले जिल्ला प्रहरी कार्यालय महोत्तरीअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिएकोमा २०७९ चैत १९ गते भएको छलफलमा एक हप्ताभित्र विवाह दर्ता र छोराको जन्म दर्ता बनाइदिने भनेर पति र सासूले घरमा लगेकामा पुनः कुटपिट गरी मानसिक यातना दिई चैत ३० गते घर निकाला गरेको पीडितले बताइन् । पीडित पूजा हाल माइतमा बस्दै आएकी छिन् ।

# ‘लेखापरीक्षण गर्न प्रदेशमा आउने कर्मचारीको दोहोरो मानसिकता’

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
मधेस प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले लेखापरीक्षण गर्न प्रदेशमा आउने कर्मचारीहरुले दोहोरो मानसिकता राखेर आउने गरेको बताएका छन् ।
प्रदेश सरकारका प्रवक्ता समेत रहेका मन्त्री यादवले मधेस प्रदेशमा आउँदा लेखा परीक्षकले बेरुजु ठहर गर्ने गरेको भन्दै उनले महालेखापरीक्षकको कार्यालयले तत्कालै यसलाई सुधार गर्नुपर्ने बताए ।
उनले एउटै शीर्षकलाई फरक–फरक प्रदेश फरक तरिकाले कानुनी व्याख्या गर्ने गरेको बताए ।
धनुषा/महोत्तरी जिल्ला स्थित प्रदेश सरकार मातहातका मन्त्रालय/सचिवालय/आयोग/प्रतिस्ठान/विभाग/निर्देशनालय/कार्यालयका कार्यालय प्रमुख तथा लेखाप्रमुखहरुलाई नाम्समा आधारित लेखापरीक्षण, सम्परीक्षण तथा वित्तीय अनुशासन सम्बन्धी अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले यस्तो महालेखापरीक्षकको कार्यालयमाथि यस्तो आरोप लगाएका हुन् । उनले संघीयता संस्थागत भइसकेको हुदाँ यस्ता किसिमको अपव्याख्याले लेखापरीक्षको प्रतिवदेनमा माथि समेत प्रश्न उठ्ने र विश्वनिशता समेत घट्ने बताए ।
उनले यस किसिमको अभिमुखिकरण तालिमले मधेशमा वित्तीय अनुशासन कायम गर्न समेत सहयोग पुग्नेमा विश्वास समेत व्यक्त गरे ।

# वृक्षारोपण कार्यक्रम सम्पन्न



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रहरी श्रीमती संघको ३९ औं वार्षिकोत्सवको अवसरमा वृक्षारोपण कार्यक्रम गरिएको छ ।
बिहिबार मधेश प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त आयोजनामा जनकपुरधाम उपमाहानगरपालिका वडा नं ४ विषहरा पोखरीको किनारमा वृक्षारोपण गरिएको हो ।
धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दहालको प्रमुख आतिथ्यतामा भएको वृक्षारोपण कार्यक्रममा निम र गुलमहर गरि सय जातको विरुवा वृक्षारोपण गरिएको छ ।
कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरिक्षक जनक भटराई,धनुषाका प्रहरी उपरिक्षक विश्वराज खडका,मधेश प्रदेश प्रहरी गण जनकपुरधामका प्रहरी उपरिक्षक हरीनाथ योगी,मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रहरी उपरिक्षक महेन्द्र कुमार श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो भने कार्यक्रममा उक्त कार्यालय मातहतका कार्यालयहरु समेतबाट वृक्षारोपण कार्यक्रम गरिएको जनाइएको छ ।




# सरकारको विधेयकप्रति निजी विद्यालयको विरोध




**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
सरकारले विद्यालय शिक्षा विधेयक परिमार्जन गरेर मात्र संसदमा पेश गर्नुपर्ने भन्दै धनुषाको जनकनन्दिनी गाउँपालिकामा नीजि विद्यालय सँचालकहरुले ज्ञापन पत्र बुझाएको छ । जनकनन्दिनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अयोधी दास र गाउँपालिका उपाध्यक्ष कमला सहगल मार्फत सरकारलाई विहिबार नीजि विद्यालय सँचालकहरुले ज्ञापन पत्र बुझाएको हो ।
गत साउन १६ गते बसेको मन्त्रिपरिषद बैठकले विद्यालय शिक्षा विधेयक संसदमा पेश गर्ने निर्णय गरे लगत्तै नीजि विद्यालयको हकाअधिकारमाथि अँकुश र अन्याय गर्न खोजेको भन्दै प्याबसनमा आवद्ध सदस्यहरुसहित जनकनन्दिनी गाउँपालिकाभित्र सञ्चालनमा रहेको बोर्डिंग स्कूलका सँचालकहरुले विद्येयकको विरोधमा अधिकृतलाई ज्ञापन पत्र बुझाएको हो ।
सरकारले विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संसदमा पेश गर्ने तयारी गरेपछि नीजि विद्यालयका शिक्षकहरु विरोध जनाएका छन् । नीजि विद्यालय सँचालकहरुले विद्येयकप्रति विरोध जनाउँदै परिमार्जन गर्न माग गरेका छन् ।
सोही क्रममा धनुषाको जनकनन्दिनी गाउँपालिकाभित्र रहेको नीजि विद्यालयका सँचालकहरुले देशव्यापी आन्दोलनको घोषणा स्वरुप ज्ञापन पत्र बुझाएको हो । जनकनन्दिनी गाउँपालिका वडा नं. ४ खजुरी रेल्वे स्टेशनस्थित रहेको न्यू लाईफ भिजन आवासीय माध्यमिक विद्यालयका सँचालक सुजित कुमार यादवको अगुवाईमा ज्ञापन पत्र बुझाईएको हो ।
शिक्षकहरुद्धारा आन्दोलनको घोषणा
शहिदनगर नगरपालिकाभित्र रहेको नीजि विद्यालयका सँचालकहरुले देशव्यापी आन्दोलनको घोषणा स्वरुप विभिन्न निर्णयहरु गरेको छ । सो क्रममा शहिदनगर नगरपालिकाको प्रमुखलाई ज्ञापन पत्र बुझाएको हो । शहिदनगर नगरपालिकाभित्र रहेको प्याबसन, एन प्याबसनसहित नीजि विद्यालय सँचालकहरुले एकजुट रुपमा नगर प्रमुख दिनेश प्रसाद यादवलाई ज्ञापन पत्र बुझाएका हुन् ।
उनीहरुले विद्येयकप्रति आपत्ति जनाउँदै विद्येयक परिमार्जनको माग सहित विरोध जनाएको हो ।
शहिदनगरमा प्याबसनका नगर समिति अध्यक्ष, एन प्याबसनका अध्यक्ष, नगरपालिकाभित्र सँचालनमा रहेको नीजि, बोर्डिंग स्कूलका सँचालक, शिक्षकहरुले सँयुक्त रुपमा ज्ञापन पत्र बुझाएको हो । शुल्क सम्बन्धी व्यवस्थामा सार्वजनिक विद्यालयहरुले विद्यार्थीसंग कुनै पनि किसिमको शुल्क लिन पाउने छैन भनेर उल्लेख गरिएको छ । यस्तै निजी विद्यालयले राष्टिय मापदण्डको अधीनमा रहेर स्थानीय तहले तोकेको शीर्षक र सीमाभित्र रही शुल्क लिन पाउनेछन् भन्ने उल्लेख छ ।
सरकारले संसदमा पेश गर्न लागेको विधेयक निजी क्षेत्रमैत्री नभएको बताउंछन् । केन्द्रले नै शुल्क तोक्नुपर्ने माग शिक्षकहरुले राखेका छन् । सबै पालिकामा शिक्षा बुझेका व्यीक्त नहुने भएकाले स साना विषय पनि पालिकाको जिम्मा लगाउन नहुने बताईएको छ । विधेयकमा कायम रहेका राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा शिक्षक अनुदान कोटा स्वतः शिक्षक दरबन्दीमा परिणत हुने पनि उल्लेख छ । यस्तै विद्यालय शिक्षक सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी महिला, आदिवासी जनजाती, तराई मधेशमा बसोबास गर्ने मधेसी, आदिवासी, जनाजताी, दलित पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय र थारुका लागि २२ प्रतिशत छुट्याइने उल्लेख गरिएको छ ।

# मिटर ब्याजपीडितको समस्या समाधान गर्न छलफल



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा मिटर ब्याज पीडितहरुको समस्या समाधान गर्ने सम्वन्धि छलफल सम्पन्न भएको छ । बिहिबार जिल्ला प्रहरी कार्यालय धनुषामा मिटर ब्याज पीडितहरुको समस्या समाधान गर्ने सम्वन्धि छलफल भएको हो ।
अनुचित लेनदेन मिटर ब्याज जाँचबुझ आयोग जनकपुरधामका अध्यक्ष गौरी बहादुर कार्की र धनुषाका प्रहरी उपरिक्षक विश्वराज खडका विच भएको छलफलमा मिटर ब्याज पीडितहरुलाई न्याय दिलाउन,मिटर ब्याज समवन्धि समस्या समाधान गर्न,पीडितहरुबाट आएको जाहेरी दरखास्तको उचित कार्यान्वयन लगायतको विषयमा प्रहरीको भूमिका र काम कर्तव्य सम्वन्धि छलफल भएको जनाइएको छ । कार्यक्रममा आयोगका सदस्यद्धय उत्तमराज सुवेदी र गणेश आर्यालयको समेत उपस्थिती रहेको थियो ।

# गौर हत्याकाण्डको दोषी साह रहेको नेता शर्माको दावी





**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य रामकुमार शर्माले गौर हत्याकाण्डको मुख्य दोषी प्रभु साह रहेको बताएका छन् ।
उनले आफ्नो समाजिक संजाल फेसबुकमा टविट गर्दै लेखेका छन्,‘प्रभु साहको घमन्ड, अहङ्कार र उच्च राजनीतिक महत्वाकांक्षा, गृह प्रशासनको मौनता र परिवर्तन विरोधी शक्तिको चलखेलको समग्र परिणाम नै गैर हत्याकाण्ड हो ! गौर हत्याकाण्डको मुख्य दोषी नै प्रभु साह हो । छानबिन भयो भन्ने यही सत्य साबित हुनेमा म विश्वस्त छु ।’
गत सोमबार गृह मन्त्रालयले पीडितहरूसँग दोषीलाई कारबाही गर्ने लगायतका सम्झौता गरेपछि उनी आक्रोशित बनेका हुन् । उक्त घटनामा नेता शर्माविरुद्ध पनि जाहेरी दर्ता छ । उक्त घटनामा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र शर्मासहित १ सय ३० जनामाथि कारबाही माग गर्दै जाहेरी दिइएको छ ।

# लागुऔषध सहित दुई पक्राउ



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले लागुऔषध सहित दुईजनालाई पक्राउ गरेको छ । बुधबार साँझ मोटरसाईकल चेकजाँचको क्रममा दुईजनालाई लागुऔषध सहित पक्राउ गरिएको हो ।
पक्राउ पर्नेमा महोत्तरी जिल्ला बर्दिबास नगरपालिका वडा नं १३ विजलपुराका किशुन राउत र विनोद मण्डल रहेको छ ।
वडा प्रहरी कार्यालय मुजेलियाको टोलिले चेकजाँच गर्ने क्रममा प्र.२–०२–००२ प ५१५२ नम्वरको मोटरसाईकलमा सवार दुवैजना संग नाइट्रोभेट १० लेखिएको टयावलेट २ पता,इएएइ कम्पनीको मोवाईल १ थान र एम आई कम्पनीको मोबाईल १ थान बरामद गरिएको छ ।
पक्राउ परेका दुवैजनालाई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय धनुषा पठाइएको प्रहरीले जनाएको छ ।

# २० बर्षपछि फरार प्रतिबादी पक्राउ



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले २० वर्षपछि ज्यान सम्वन्धी मुद्दाका फरार प्रतिबादी पक्राउ गर्न सफल भएको छ ।
प्राप्त जानकारि अनुसार इलाका प्रहरी कार्यालय ढल्केवर धनुषाबाट खटिएको टोलिले मिथिला नगरपालिका वडा नं ३ बस्ने महेश महतोलाई पक्राउ गर्न सफल भएको हो । महतोले २० वर्ष पहिले सोलिदर महतोलाई गम्छाले घाँटीमा बेरी घाँटी कसी मारेको प्रहरीले जनाएको छ ।
घटना पश्चात फरार रहेका महतोलाई बिहिबार पक्राउ गर्न सफल भएको छ भने पक्राउ परेका महतोलाई आवश्यक कारवाहीका लागि अनुसन्धान प्रक्रिया अगाडी बढाएको प्रहरीले जनाएको छ ।

# मुख्यमन्त्रीको पहलमा निर्मित बाँध जनताले भत्काए



**मधेशदृष्टि**
**बारा ।**
आदर्श कोतवाल गाउँपालिकाको च्युटाहामा खेतमा बाढी पसेर धानबालीमा क्षति पु¥याएपछि स्थानीयले सिँचाइको लागि जमुनी खोलामा हालै निर्माण गरिएको पक्की बाँध भत्काएका छन् ।

अविरल वर्षापछि जमुनी खोलामा आएको बाढी सिँचाइ बाँधको कारण खेत र बस्तीतर्फ प्रवेश गर्न थालेपछि किसानले बाँध भत्काएका हुन् । बाँध जमुनी नदीको धार परिवर्तन भएपछि च्युटाहा, बतरा, खजुरिया, भङ्गहा, इनर्वा, बोहा लगायतका गाउँमा सैयौँ बिघामा लागाइएको धान र अन्य बाली डुबानमा परेको छ । बाढीले दर्जनौँ बिघा खेत बगरमा परिणत भएको छ ।

स्थानीय किसानलाई सिँचाइ सुविधा उपलब्ध गराउन मधेश प्रदेशका मुख्यमन्त्री एवम् सोही क्षेत्रका प्रदेश सभा सदस्य सरोजकुमार यादवको पहलमा एक साताअघि मात्रै बाँधको निर्माण कार्य पूरा भएको थियो ।

बाँध निर्माण भएपछि जमुनी खोलाले गरेको धार परिवर्तनले स्थानीय कृषकको खेत कटान गर्नुका साथै खेतमा बालुवा थुपार्ने र धानबाली डुबान गर्ने समस्या उत्पन्न भएको थियो ।

बाँधका कारण किसानले खेतबारीमा लगाएको बालीमा क्षति गरेपछि बाध्य भएर सिँचाइ बाँध भत्काउनु परेको आदर्श कोतवाल गाउँपालिका वडा नम्बर १ च्युटाहाका दिनेशप्रसाद पटेलले जानकारी दिए ।

# ‘मिटरब्याजीका नाममा प्रहरीप्रशासनले दुःख दियो’



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा अनुचित लेनदेन मिटरब्याजको निहुँमा स्थानीय प्रशासन र प्रहरीले ज्यादति गरेको आरोप लागेको छ ।

साहुकारको संगठन पीडित लेनदेन संघर्ष समिति पर्साले वीरगंजमा पत्रकार सम्मेलन गरेर आफूहरुलाई अभद्र व्यवहार गरी थुनामा पठाउने, जबर्जस्ती मिलापत्र गराउने र मुद्दा चलाउने जस्ता गतिविधि प्रहरी प्रशासनले गरेको आरोप लगाए । समितिका अध्यक्ष सुनिल पाण्डेले अदालतको आदेशसमेत उल्लंघन गरेर प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षकले साहुकारलाई दुःख दिएको बताए । अनुचित लेनदेनसम्बन्धी कानुन बने यता जिल्लामा सिडिओ र प्रहरी प्रमुखले आफूहरुलाई आतंकित बनाएको बताउँदै वास्तविक मिटरब्याजीलाई कारबाही गर्नु पर्छ भन्ने मान्यता रहे पनि लेनदेनसम्बन्धी परेका उजुरीका लागि सिडिओ अफिस बोलाएर दुर्व्यवहार, जबर्जस्ती मिलापत्र, नमाने थुनामा पठाइदिने, सार्वजनिक मुद्दा चलाइदिने काम भएको पाण्डेले बताए ।

समितिका उपाध्यक्ष राजेश पटेलले स्थानीय प्रशासन र प्रहरीले अदालतको आदेशको समेत उल्लंघन गर्दा कानुनी राज्यको उपहास भएको बताए । अनुचित लेनदेनसम्बन्धी सरकारले बनाएको कानुनको आडमा पर्सामा सिडिओ र एसपीको आंतक नै बढेको आरोप पटेलले लगाए ।

वीरगंज–१८ इनर्वाका मोहन सिंहले लेनदेनसम्बन्धी अदालतमा विचाराधीन मुद्दामा प्रहरीले जबर्जस्ती २७ दिन थुनामा राखेको गुनासो गर्दै २४ दिन प्रहरी थुनामा र ३ दिन वीरगंज कारागारमा बस्न बाध्य भएको बताए । पत्रकार सम्मेलनमा संघर्ष समितिका अध्यक्ष पाण्डेले सरकारले बनाएको कानुनअनुसार छानबिन गरी वास्तविक मिटरब्याजीलाई कारबाही हुनै पर्ने बताए ।

# महानगर प्रहरी र कपनबासीबीच झडप



**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ महानगर प्रहरी र कपनका स्थानीयबीच झडप भएको छ ।

महानगरपालिकाले वडा नम्बर ७ को कपनमा खहरे खोला मिचेर बनेका भन्दै घरटहरा भत्काउन डोजरसहित गएपछि स्थानीय र नगर प्रहरीबीच झडप भएको हो ।

बूढानीलकण्ठ नगरपालिका–१० नम्बर वडाको सिमानामा पर्ने सातलते घर नजिकैको खोला मिचेर बनाएको भन्दै सामाखुसी खोला जसरी नै खोल्न महानगर पुगेको नगर प्रहरीका डीएसपी मीनबहादुर थापाले बताए ।

स्थानीयले विरोध गरेपछि डोजर भने चल्न सकेको छैन ।

बूढानीलकण्ठ नगरपालिकाका स्थानीयले भने वर्षाको समयमा डोजर आतङ्क गरेको भन्दै महानगरविरुद्ध नाराबाजी गरिरहेका छन् ।

बूढानीलकण्ठ नगरपालिकाका प्रवक्ता नवराज भट्टराईका अनुसार काठमाडौँ महानगर र बूढानीलकण्ठ नगरपालिकाको सिमानाबारे पहिलेदेखि नै केही विवाद थियो । दुवै पक्षका वडाध्यक्षबीच समन्वय भइरहेका बेला एक्कासी महानगरपालिकाको डोजर पुगेको प्रवक्ता भट्टराईले बताए ।

तर महानगर प्रहरी बलका निरीक्षक ईश्वर वाग्लेले बूढानीलकण्ठका मेयरसँग समन्वयन गरेरै डोजर गएको बताए ।

# वीरगंजमा १४०० धारा जडान

***दैनिक ६५ लाख लिटर खानेपानी उत्पादन गरी वीरगंज महानगरभित्र वितरण गर्दै आइएको बताउँदै निरन महर्जनले संस्थानसँग बीस हजार घरधुरीलाई खानेपानी वितरण गर्ने क्षमता रहेको जानकारी दिए ।***





**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा पछिल्लो चार महिनामा एक हजार चार सय परिवारलाई खानेपानीको धारा वितरण गरिएको छ । खानेपानी समस्या भइरहेका बेला धारा जडानले उनीहरुलाई राहत भएको छ ।

वीरगंज महानगरपालिकाका विभिन्न वडामा वैशाखमा ४१, जेठमा एक सय ५७, असारमा दुई सय दुई र साउनको २४ गतेसम्म एक हजार ग्राहकको घरमा धारा जडान गरिएको खानेपानी संस्थान वीरगंजका प्रमुख इन्जिनियर निरन महर्जनले जानकारी दिए । उनका अनुसार महानगरले खानेपानी महसुल तिर्ने गरी विभिन्न वडामा एक सय ५० सामुदायिक धारा जडान गरिएको छ ।

लामो समयदेखि वर्षा नहुँदा वीरगंजका विभिन्न स्थानमा वैशाखदेखि खानेपानीको समस्या बढ्दै गएपछि धारा जडान गराउनेको सङ्ख्या बढ्दै गएको प्रमुख महर्जनले बताए । उनका अनुसार अहिले दैनिक ६० जना धारा जडानका लागि निवेदन लिएर कार्यालय आउने गरेका छन् । चापाकल, कुवालगायतका खानेपानीका मुहान सक्न थालेपछि धारा जडान गराउने क्रम बढेको हो ।

महर्जनका अनुसार संस्थानले दैनिक १०/१२ घण्टासम्म पानी पठाइरहेको छ । ‘पहिला चापाकलबाट पानी आउँथ्यो, त्यतिबेला खानेपानीको धारा लिन स्थानीयले खासै रुचि देखाएनन्,’ उनले भने, ‘अहिले चापाकल, कुवालगायतका खानेपानीका स्रोत सुक्न थालेपछि धारा लिन आउनेको सङ्ख्या बढ्ेको छ ।’ आठ हजार एक सय ग्राहकले नियमित खानेपानी उपभोग गर्दै आएको संस्थानले जनाएको छ ।

दैनिक ६५ लाख लिटर खानेपानी उत्पादन गरी महानगरभित्र वितरण गर्दै आइएको बताउँदै महर्जनले संस्थानसँग बीस हजार घरधुरीलाई खानेपानी वितरण गर्ने क्षमता रहेको जानकारी दिए । महानगर क्षेत्रभित्र देखिएको खानेपानीको समस्यालाई मध्यनजर गरी विभिन्न वडामा एक सय ५० सामुदायिक धारा जडान गरिएको उनको भनाइ थियो । हरेक वडामा सार्वजनिक धारा जडान गर्ने योजनाअनुरुप विस्तारै धारा थप गर्दै लगिने उनले बताए । ‘हरेक वडामा सार्वजनिक धारा जडानका लागि खानेपानी संस्थान र महानगरबीच सम्झौता भएको छ,’ प्रमुख महर्जनले भने, ‘सम्झौता अनुसार वडावडामा धारा जडान गर्दा लाग्ने खर्च तथा महसुल भुक्तानी महानगरले गर्नेछ ।’ उनका अनुसार विभिन्न स्थानमा उपभोक्ता समिति गठनको प्रक्रिया अगाडि बढिसकेको छ ।

चार महिनादेखि खानेपानीको समस्या भोग्दै आएका स्थानीयलाई महानगरले टोलटोलमा अस्थायी ट्र्याङ्कीमार्फत खानेपानी वितरण गरिरहेको महानगरका प्रमुख राजेशमान सिंहले बताए । उनका अनुसार ट्र्याङ्की पु¥याउन नसकिएका स्थानमा ट्र्याङ्करबाट पानी वितरण गरिएको छ । ट्र्याङ्करबाट अहिलेसम्म १९ वडामा दैनिक पानी उपलब्ध गराइरहेको बताउँदै नगरप्रमुख सिंहले सात वडामा भने अस्थायी ट्र्याङ्की राखिएको जानकारी दिए । उनका अनुसार खानेपानी संस्थानको पाइपलाइन विस्तार भएका सार्वजनिक स्थानमा खानेपानीको धारा राख्ने कामलाई पनि महानगरले तीव्रता दिएको छ ।

खानेपानीको पाइपलाइन वडा नम्बर १ देखि १७ र १९ मा विस्तार भएकाले ती वडाका सार्वजनिक स्थानमा धारा राख्ने काम भइरहेको महानगर प्रमुख सिंहको भनाइ थियो । बढ्दो गर्मीका कारण जलस्तर तल झरेपछि वीरगंजका विभिन्न वडाका चापाकल सुकेर पानीको हाहाकार भएको छ । तत्काल प्राकृतिकरूपमा जलस्तरमा सुधार आउने सम्भावना कम देखिएकाले महानगरले ट्र्याङ्कीमार्फत अस्थायीरूपमा खानेपानी वितरण गरिरहेको हो ।

# निजी विद्यालयहरुको आन्दोलन कायमै

## गुठीमा जान व्यवस्थापकहरुको आनाकानी




**मधेशदृष्टि**
**काठमाडौँ ।**
सरकारले नाफामूलक निजी विद्यालय स्थापनामा रोक लगाउने व्यवस्थासहितको शिक्षा विधेयक ल्याउने तयारी गरेपछि निजी विद्यालय सञ्चालक विरोधमा उत्रिएका छन् । निजी विद्यालय सञ्चालकहरुको छाता संगठन प्याब्सन, एनब्याब्सन र हिसानले बिहीबार माइतीघरमा प्रदर्शन गरेका छन् । उनीहरुले यसअघि नै विद्यालय बन्दसम्मको घोषणा गरिसकेका छन् । हाल सञ्चालनमा रहेका निजी विद्यालयलाई ५ वर्षभित्र गैरनाफामूलक शैक्षिक गुठीबाट मात्र सञ्चालन गर्ने विधेयकको प्रस्ताव छ ।

मन्त्रिपरिषद्बाट गतसाता पारित ‘विद्यालय शिक्षासम्बन्धी विधेयक २०८०’ संसद्बाट हुबहु पारित भए हाल सञ्चालनमा रहेका करिब ८ हजार निजी विद्यालयलाई पाँच वर्षभित्रमा शैक्षिक गुठीमा रूपान्तरण गर्नुपर्नेछ । विधेयकमा ‘शैक्षिक गुठी भन्नाले कुनै पनि व्यक्तिले नाफा नलिने गरी विद्यालय सञ्चालन गर्ने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ’ भनिएको छ।




**मधेशदृष्टि**
**वीरगंज ।**
विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० को विरोधमा राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएशन नेपाल मधेश प्रदेश समितिले प्रेस विज्ञप्ति जारी गर्दै आन्दोलन कार्यक्रम सार्वजनिक गरेको छ ।

एनप्याब्सन मधेश प्रदेशका अध्यक्ष डा.नन्दन यादवले जारी गरेको विज्ञप्तिमा नेपालको शिक्षा विकासमा चार दशक लामो योगदान गरेका निजी विद्यालयको झण्डै ५ खर्ब रुपैयाँ लगानी डुबाउन सरकारले ल्याएको नीतिको भत्र्सना गर्दै आन्दोलनमा उत्रने चेतावनी दिएको छ । झण्डै ३० लाख विद्यार्थीको भविष्यमाथि सरकारले नजरअन्दाज गरेको र सरकारले ल्याएको विधेयकमा समावेश गरिएका कतिपय प्रावधान निजी लगानीका संस्थागत विद्यालयप्रति पूर्वाग्रही मात्रै नभएर संविधान विपरीत, अव्यवहारिक र अन्यायपूर्ण भएकाले त्यसलाई खारेज गर्नु पर्ने माग गरिएको छ ।

विज्ञप्तिमा विधेयक आफूहरुले भनेबमोजिम संशोधन नगरी पारित गरिएको खण्डमा देशभरका निजी विद्यालय बन्द गर्न बाध्य हुने र घोषित आन्दोलनको चरणबद्ध कार्यक्रमअनुसार साउन २८ गते देशभरका निजी विद्यालय बन्द र भदौ १ गतेदेखि निश्चितकालीन विद्यालय बन्द तथा विद्यालयका सवारी साधन सार्वजनिकस्थलमा पार्किङ गर्ने कार्यक्रममा प्रदेशका सबै निजी विद्यालयको सहभागिता रहने समेत डा. यादवद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# २० जिल्लामा ४१ को मृत्यु

- **नागरिक बेपत्ता भएका जिल्लाहरुः**
  सङ्खुवासभा, ताप्लेजुङ, पाँचथर, दोलखा, मकवानपुर र महोत्तरी जिल्लाका ३१ जना बेपत्ता छन् ।
- **पूर्ण क्षति घरसंख्याः**
  एक सय ३० घर ।
- **आंशिक क्षतिः**
  एक सय ९३ घर ।

**मधेशदृष्टि**
**काठमाडौँ ।**
जेठ ३१ गते मनसुन भित्रिएदेखि मनसुनजन्य विपद्बाट देशका ५० जिल्ला प्रभावित बनेको छ । गृह मन्त्रालयले बाढी पहिरोलगायत मनसुनजन्य विपद्मा ४१ जनाले ज्यान गुमाएको तथ्यांक सार्वजनिक गरेको छ । एकतीस जना अझै बेपत्ता छन् ।

विपद्बाट ५५ जना घाइते भएका गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख, सहसचिव महादेव पन्थले जानकारी दिए । उनका अनुसार विपद्का घटना भएका ५० जिल्लामध्ये २० जिल्लामा मात्रै मानवीय क्षति भएको छ ।

# कांग्रेसको प्रदेश प्रचार विभाग चयन




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसले मधेस प्रदेशका आठवटै जिल्लाबाट सञ्चार तथा प्रचार प्रसार विभागमा १९ जनालाई सदस्यमा मनोनयन गरेको छ । पार्टीका प्रदेश सदस्य नितेशकुमार गुप्ता प्रमुख रहेको कांग्रेस मधेश प्रदेश सूचना सञ्चार तथा प्रचार प्रसार विभागमा जिल्लाको जिम्मेवारीमा १९ जनालाई मनोनयन गरिएको हो । विभागमा पर्साबाट निलिमा पौडेल र राहुल गुप्ता मनोनीत भएको कांग्रेस मधेश प्रदेशका सभापति कृष्ण यादवले जानकारी दिए ।

पौडेल नेपाल प्रेस युनियनकी केन्द्रीय सदस्य हुन् भने गुप्ता प्रेस युनियन मधेश प्रदेशको लेखा समिति सदस्य हुन् ।

कांग्रेसको प्रचार प्रसार विभाग सदस्यमा सप्तरीकी जाल्पाना कुमारी सदार, सुधा देवी र ललिता साह, सिरहाका विनोद मण्डल र विदु सिंह, धनुषाका निरञ्जन साह र कमल साह, महोत्तरीका सन्तोष सिंह र हदिस खुदार पनि मनोनीत भएका छन् । यस्तै, सर्लाहीका निकेश त्रिपाठी, रोशन कुमार साह, रौतहटका सागर हुमागाईं, प्रभात कुमार झा र राजेश्वर पाण्डे, बाराका सन्दीप यादव, सिकिन्द्र पसवान र अन्जली गुप्तालाई पनि मनोनयन गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, Email: madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन